दर्ता नं.: ५१(१५२)०५५/०५६/०५५/४/४
पान नं.: ३०१२२०१६६

सम्पर्क नं.: ०२१-५७०५१३
०२१-५१६०५२

# राष्ट्रसेवक
## बचत तथा ऋण सहकारी संस्था लि.

विराटनगर-९, मोरङ

# २७ औं
# वार्षिक
## साधारण सभा

२०८२ असोज २५ गते, शनिबार

## प्रस्तुत
## — वार्षिक प्रतिवेदन —

## संचालक समिति



जीवन काफ्ले
अध्यक्ष



तुलसीनारायण अधिकारी
उपाध्यक्ष



ओमराज सुवेदी
सचिव



फणिन्द्रनाथ अधिकारी
कोषाध्यक्ष



तुलसी प्रसाद खतिवडा
सदस्य



प्रदीप कुमार पाण्डे
सदस्य



कमला दाहाल
सदस्य



रोहित पौडेल
सदस्य



जयप्रसाद काफ्ले
सदस्य



केदार प्रसाद चौधरी
सदस्य



सारदादेवी अधिकारी सुवेदी
सदस्य

## लेखा सुपरिवेक्षण समिति



अनितन कुमार आचार्य
संयोजक



धीमेश कुमार पोखरेल
सदस्य



रोशन कुमार पोखरेल
सदस्य

# राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि.

**विराटनगर-९, मोरङ**

## २७औं वार्षिक साधारण सभा हुने सूचना

**मितिः २०८२/०५/२६**

आदरणीय शेयर सदस्यज्यूहरु (सबै),
राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. विराटनगर ।

संस्थाको सञ्चालक समितिको २०८२ भाद्र २५ गतेको बैठकको निर्णयानुसार मुलुकमा उत्पन्न असहज परिस्थितिका कारण २०८२ असोज ४ गते सम्पन्न गर्ने भनिएको २७ औं वार्षिक साधारण सभा स्थगित गरी तपशिल बमोजिमको कार्यक्रम अनुसार सम्पन्न गरिने भएको व्यहोरा सबै शेयर सदस्यज्यूहरुको जानकारीका लागि अनुरोध छ ।

**वार्षिक साधारण सभाको कार्यक्रम**

मिति : २०८२ असोज २५ गते शनिवार,
स्थान : कन्चनजङ्घा पार्टी प्यालेस, पाञ्चाली, विराटनगर ।
समय : बिहान १०:०० बजे ।

**साधारण सभामा प्रस्तुत हुने विषयहरु**

१. आ.व. ०८१/८२ को समीक्षा ।
२. आ.व. ०८१/८२ को लेखापरीक्षण प्रतिवेदन माथि छलफल सहित अनुमोदन ।
३. आ.व. ०८१/८२ को लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन छलफल सहित अनुमोदन ।
४. आ.व. ०८२/८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पारित गर्ने ।
५. आ.व. ०८२/८३ को लागि लेखापरीक्षक नियुक्ति सम्बन्धमा ।
६. निर्देशिका/कार्यविधिहरु संशोधन तथा पारित गर्ने ।
७. विविध ।

## संस्थाको संक्षिप्त झलक

| गत वर्ष र यस आ.व.को वासलात | | | गत वर्ष र यस आ.व. को आम्दानी खर्च | | |
|---|---|---|---|---|---|
| **विवरण** | **आ.व. ०८१/८२** | **आ.व. ०८०/८१** | **विवरण** | **आ.व. ०८१/८२** | **आ.व. ०८०/८१** |
| शेयरपूँजी | ७२३९१९००.०० | ६६९४२८००.०० | ऋण कारोबारबाट आम्दानी | ४४८२५६५७.०० | ४२२८४३५२.०० |
| कोष हिसाव | ४९९७२०४३.३१ | ४८७८९०१८.४२ | सञ्चालन आम्दानी (बैक व्याज समेत) | ६५७४४७३.३६ | ५९२०२३४.५६ |
| निक्षेप हिसाव | ४४४३११७०८.७३ | ३४९४६८३७०.९४ | अन्य आम्दानी | ३५४३९.२० | ०.०० |
| ऋण लिएको | ०.०० | ५००००००.०० | | | |
| भुक्तानी दिनुपर्ने | ३४९०२५१.०२ | ४४११२७३.०२ | | | |
| अन्य दायित्व | ३६६३१९९.७७ | ५८७३६९५.०३ | | | |
| स्थगन कर दायित्व | २८३५१.३६ | ०.०० | | | |
| **जम्मा** | **५७३८५७४५४.१९** | ४८०४८५१५७.४१ | **जम्मा आम्दानी** | **५१४३५५६९.४६** | **४८२०४५८६.५६** |
| नगद | ८९४८२०.०० | ८४१४४३.०० | प्रशा. तथा उपभोग खर्च | ३१३१७७२.०० | ३०९७२९८.९३ |
| बैंक | ११०९१८१८६.४८ | ५३४१९६२६.४० | कार्यालय सञ्चालन खर्च | ४४४७८४३.१५ | ४२९४७६१.०० |
| लगानी/लगानी | ६४७१६५५३.८२ | ५५०६४५९१.०० | वित्तीय खर्च | ३९२७४११२.४१ | ३२३२६०१८.०० |
| सम्पती | ३५८८७२९९४.०० | ३३४४८१५१२.०० | संस्था विकास प्रवर्द्धन खर्च | ६७५०६८.२० | ६३४६६४.०० |
| ऋण लगानी | २०४९०१८.९९ | २७५००७९.४९ | कोष व्यवस्थापन खर्च | १६९५१७२.०० | १५०००००.०० |
| पाउनुपर्ने | ३५६७३००१.७० | ३२२६०३८७.५२ | | | |
| जायजेथा तथा उपकरण | ६९७४४०.०० | १६६७५१८.०० | | | |
| अमुर्त/अन्य सम्पत्ति | ३५४३९.२० | ०.०० | | | |
| स्थगन कर सम्पत्ति | | | | | |
| **जम्मा** | **५७३८५७४५४.१९** | ४८०४८५१५७.४१ | **जम्मा खर्च** | **४९२२३९६७.७६** | **४१८५२७४१.९३** |
| | | | **सञ्चालन बचत** | **२२११६०१.७०** | **६३५१८४४.६३** |

द्रष्टव्यः- **साधारणसभामा प्रस्तुत हुने नीति तथा कार्यक्रम र बजेट समेतको प्रतिवेदन संस्थाको वेवसाइट www.rastrasewaksahakari.com.np मा राखिनेछ ।**

**हाजिरी व्यवस्थापनमा सहजताका लागि साधारण सभामा आउँदा अनिवार्य रुपमा आफ्नो शेयर सदस्यता (सदस्य) नम्बर टिपोट गरी आउनु हुन ।**

**जीवन काफ्ले**
**अध्यक्ष**

राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि.
विराटनगर ९, मोरंग
[illegible] असार मसान्तको
संस्थाको [illegible] विवरण

| सि.नं. | विवरण | कैफियत |
|---|---|---|
| १ | संस्थाको विवरण | |
| | संस्थाको नाम : राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. | |
| | संस्थाको ठेगाना : विराटनगर ९, मोरंग | |
| | दर्ता नं. र मिति : द.नं. [illegible] मिति: [illegible] | |
| | कार्य क्षेत्र : मोरंग जिल्ला । | |
| | सम्पर्क नम्बर : [illegible] | |
| | स्थायी लेखा नम्बर : [illegible] | |
| २ | सदस्य विवरण | |
| | संस्था स्थापनाका सदस्य संख्या : [illegible] जना | |
| | महिला : [illegible] जना | |
| | पुरुष : [illegible] जना | |
| | अन्य : [illegible] जना | |
| | गत आ.व. को सदस्य संख्या : [illegible] जना | |
| | हाल सम्मको सदस्य संख्या : [illegible] जना | |
| | महिला : [illegible] जना | |
| | पुरुष : [illegible] जना | |
| | अन्य : [illegible] जना | |
| | सदस्यता वृद्धि प्रतिशत : [illegible] % | |
| ३ | शेयर | |
| | चुक्ता शेयर पुँजी : रु [illegible] | |
| | प्रति कित्ता शेयर रकम : रु [illegible] | |
| | अधिकतम शेयर सीमा [illegible] : रु [illegible] | |
| | एकजनाको अधिकतम शेयर रकम : रु [illegible] | |
| ४ | कोष | |
| | [illegible] : रु [illegible] | |
| | [illegible] : रु [illegible] | |
| | [illegible] कोष (जोखिम कोष) : रु [illegible] | |
| | अन्य कोष : रु [illegible] | |
| ५ | निक्षेप (बचत) | |
| | निक्षेप जम्मा गर्ने सदस्य संख्या : १८६६ जना | |
| | निक्षेप (बचत) का प्रकार : [illegible] | |
| | ब्याजदर : ६, ७, ८, ९, १०, ११, औसत ८.५ % | |
| | अधिकतम बचत सीमा : कुल पुँजीकोषको १५ प्र. सम्म मात्र | |
| | गत आ.व. को निक्षेप बाँकी : रु [illegible] | |
| | यस आ.व. मा सङ्कलन : रु [illegible] | |
| | यस आ.व. मा फिर्ता : रु [illegible] | |
| | कुल बाँकी निक्षेप : रु [illegible] | |
| ६ | बाह्य ऋण लिएको | |
| | बाह्य ऋण रकम : रु ०।०० | |
| | तिर्नुपर्ने ब्याज बाँकी : रु छैन । | |
| | ऋण लिएको निकाय : छैन । | |
| ७ | [illegible] | |
| | कुल [illegible] : रु [illegible] | |
| | भुक्तानी दिनुपर्ने हिसाब : रु [illegible] | |
| | अन्य दायित्व हिसाब : रु [illegible] | |

Page 1

| क्र.सं. | विवरण | कैफियत |
|---|---|---|
| ८ | नगद | |
| | नगद जिम्मा रहने व्यक्ति : श्री कृष्ण महराई (प्रबन्धक)<br>नगद मौज्दात रु ८९४८२०।०० | |
| ९ | संस्थाको बैंक खाता रहेको बैंक | |
| | १. कृषि विकास बैंक    ५. ग्लोबल आई एम ई बैंक<br>२. कुमारी बैंक<br>३. राष्ट्रिय सहकारी बैंक<br>४. सिटिजन्स बैंक<br>ब्याजदर : २ देखि ११.५ प्रतिशत सम्म । | |
| १० | खाता संघमा आबद्धता | |
| १. | जिल्ला सहकारी संघ मोरङ : ४. राष्ट्रिय सहकारी बैंक लि. | |
| २. | कोशी प्रदेश बचत संघ : ५. नेफस्कून केन्द्रीय बचत संघ | |
| ३. | कोशी प्रदेश सहकारी संघ | |
| ११ | सदस्यलाई ऋण लगानी | |
| | ऋणी सदस्य संख्या : ३०३ जना<br>महिला : १५४ जना<br>पुरुष : १४९ जना<br>अधिकतम भाखा राख्ने अवधि : ५ वर्ष<br>ऋण लगानीमा लिने ब्याजदर : १२ %<br>एक जनालाई अधिकतम ऋण लगानी : रु ५००००००।००<br>कर्जा सुरक्षण व्यवस्था : रु ४१९६२१०।५८<br>गत आ.व. को ऋण लगानी बाँकी : रु ३३४४८९३१२।००<br>यस आ.व. को लगानी : रु २०७७६०२८१।००<br>यस आ.व. को असुली : रु १८३३०५९५१।००<br>यस आ.व. को बाँकी ऋण : रु ३५८८५७९९५४।००<br>ऋण लगानीका शिर्षक : ऋण लगानी रकम<br>सेयर बचत जमानी ऋण : रु ७७०८८४१।००<br>आवधिक धितो ऋण : रु ४५६४०८६३।००<br>संस्थागत ऋण : रु ०।००<br>धितो ऋण : रु ८४३६४५०९।००<br>हायर पर्चेज ऋण : रु ६४९५५५।००<br>कम्पनी बचत जमानी ऋण : रु ६००००।००<br>विशेष धितो ऋण : रु १३००४३३८०।००<br>शैक्षिक ऋण : रु ०।००<br>व्यावसायिक ऋण : रु १२६६०१८४७।००<br>कर्मचारी ऋण : रु ४८००००।००<br>जम्मा : रु ३५८८५७९९५४।०० | |
| १२ | सञ्चालक समिति | |
| | सञ्चालक समिति संख्या : ११ जना (महिला २, पुरुष ९)<br>पदावधि : ४ वर्ष<br>निर्वाचन मिति : २०८१/०६/२९<br>अध्यक्षको नाम : श्री जीवन कार्की<br>सम्पर्क नम्बर : ९८५२०२५४५९<br>यस आ.व. को बैठक संख्या : १३ पटक | |
| १३ | लेखा समिति | |
| | लेखा समिति संख्या : ३ जना (महिला ०, पुरुष ३)<br>पदावधि : ४ वर्ष<br>निर्वाचन मिति : २०८१/०६/२९<br>लेखा संयोजकको नाम : श्री अनिलकुमार आचार्य<br>सम्पर्क नम्बर : ९८५२०३४१३४<br>यस आ.व. को बैठक संख्या : ४ पटक | |

Page 2

| सि.नं. | विवरण | | कैफियत |
|---|---|---|---|
| १४ | **साधारण सभा** | | |
| | प्रारम्भिक साधारणसभा भएको मिति : | २०५५/०३/२७ | |
| | सहभागी कूल सदस्य संख्या : | ३७ जना | |
| | प्रथम साधारणसभा भएको मिति : | २०५५/०६/३१ | |
| | कूल सदस्य संख्या : | ६२ जना | |
| | उपस्थित सदस्य संख्या : | ५४ जना | |
| | पछिल्लो साधारणसभा भएको मिति : | २०८१ भाद्र २९ गते | |
| | कूल सदस्य संख्या : | १८४२ जना | |
| | उपस्थित सदस्य संख्या : | १११५ जना | |
| | उपस्थित सदस्य प्रतिशत : | ६०.५३ % | |
| १५ | **कर्मचारी** | | |
| | कर्मचारी संख्या : | ६ जना | |
| | महिला : | २ जना | |
| | पुरुष : | ४ जना | |
| १६ | **जायजेथा उपकरणको घर जग्गा** | | |
| | जग्गा क्षेत्रफल : | ०-१-१५ (एक कठ्ठा पन्ध्र धुर) | |
| | मुल्य : | रु १३१४५८९९।०० | |
| | भवन : | एक र नया निर्माणाधिन रहेको | |
| | मुल्य : | रु २१२८९०८६।७० | |
| १७ | **लगानी सम्पतिको घर जग्गा** | | |
| | जग्गा क्षेत्रफल : | ०-१-९-२ (एक कठ्ठा साढे नौ धुर) | |
| | मुल्य : | रु १०९६७४३६।०० | |
| | भवन : | एक पुरानो भवन र टहराहरू रहेको | |
| | मुल्य : | रु ३८९९३३५।०० | |
| १८ | **संस्थामा रहेका नियम कार्यविधिहरू** | | |
| १. | बचत तथा ऋण कार्यविधि | ४. कर्मचारी प्रशासन निर्देशिका | |
| २. | निर्वाचन निर्देशिका | ५. परिवार राहत कार्यक्रम निर्देशिका | |
| ३. | आन्तरिक नियन्त्रण कार्यविधि | ६. सम्पति शुद्धिकरण निर्देशिका | |
| १९ | **कूल वार्षिक आम्दानी** | | |
| | आम्दानीको लक्ष्य : | रु ५४८२२०००।०० | |
| | कूल प्रगति : | रु ५१४३५५६९।४६ | |
| २० | **कूल वार्षिक खर्च बजेट** | | |
| | वार्षिक खर्चको बजेट : | रु ४८९६२३००।०० | |
| | कूल खर्च : | रु ४९२२३९६६।७५ | |
| २१ | **आन्तरिक नियन्त्रणको व्यावस्था** | | |
| १. | सफ्टवेयर मार्फत कारोबारको लेखा राखिएको : | ४. सुरक्षित नगद काउण्टरको व्यवस्था | |
| २. | दैनिक क्यास चेक गर्ने गरिएको : | ५. सि.सि.क्यामराको व्यवस्था गरिएको | |
| ३ | दैनिक खाताबन्दी गर्ने गरिएको : | ६. फलामे सेफको व्यावस्था गरिएको | |
| २२ | **मासिक रूपमा ढिकुटीमा रहेको नगद विवरण** | | |
| १. | २०८१ श्रावण रु ३६२३२०३।०० : | ७. २०८१ माघ रु १५८८५४१।०० | |
| २. | २०८१ भाद्र रु २०८५६३३।०० : | ८. २०८१ फाल्गुण रु १६३११८६।०० | |
| ३. | २०८१ असोज रु ४७९९७४४।०० : | ९. २०८१ चैत्र रु २५९१५७२।०० | |
| ४. | २०८१ कार्तिक रु २३६४२१३।०० : | १०. २०८२ वैशाख रु १५३१७१६।०० | |
| ५. | २०८१ मंसिर रु २५१८३३५।०० : | ११. २०८२ ज्येष्ठ रु २७३२९६४।०० | |
| ६. | २०८१ पौष रु १७५१७६३।०० : | १२. २०८२ असार रु ८९४८२०।०० | |
| २३ | **संस्थाले गरेको रकम बिमा** | | |
| | संस्थामा रहने नगद बीमा रकम रु : | ५०,००,०००।०० | |
| | बैंकमा लैजादा र ल्याउदाको रकम बिमा : | एक पटकमा रु दश लाख सम्म । | |
| | अवधि सम्म : | १२/०३/२०२६ | |
| | बीमा कम्पनीको नाम : | राष्ट्रिय बिमा कम्पनी लिमिटेड | |

Page 3

| क्र.नं. | विवरण | | | कैफियत |
|---|---|---|---|---|
| २४ | संस्थाले कारोबारको अतिरिक्त गरेका मुख्य कार्यहरु | | | |
| १.<br>२.<br>३. | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन<br>[illegible] शिविर र [illegible] कार्यक्रम<br>ज्येष्ठ नागरिक र विद्यार्थी सम्मान | ४.<br>५.<br>६. | [illegible] शिक्षा र [illegible]<br>विभिन्न [illegible] कार्यक्रम<br>[illegible] अवलोकन भ्रमण | |
| २५ | संस्थाले गरेका मुख्य मुख्य कारोबारहरू | | | |
| १. | बचत तथा ऋण कारोबार | : | २. ग्यास व्यवसाय कारोबार । | |
| २६ | संस्थाले यस आ.व. मा वितरण गरेको शेयर लाभांशको प्रतिशत | : | रु [illegible] | |
| २७ | सञ्चालक, लेखा समिति र व्यवस्थापनमा नाता गोता भित्रका व्यक्ति भए/नभएको | : | नभएको । | |
| २८ | ऋण लगानीमा कुनै सेवा शुल्क लिने गरेको / नगरेको | : | स्वीकृत ऋणका निमित्त शुल्क १ पटकको लागि [illegible] प्रतिशत लिने गरिएको छ । | |
| २९ | सञ्चालक, लेखा समितिका सदस्यले पारिश्रमिक भत्ता र अन्य सुविधा बापत खाजा खर्च लिने गरेको नगरेको | : | व्यवस्थापन भत्ता, बैठक भत्ता [illegible] | |
| ३० | कार्यक्षेत्र बाहिरका व्यक्ति तथा निकायसँग बचत तथा ऋण कारोबार गरे/नगरेको | : | नगरेको । | |
| ३१ | विनियम अनुसार शेयर पूँजीको १५% भन्दा बढी हुने गरी एक पुनै सदस्यबाट शेयर पूँजीलाई रकम लिएको/नलिएको | : | नलिएको । | |
| ३२ | सञ्चालक, लेखा समिति र उपसमितिका सदस्यहरू अन्य समान प्रकृतिको समान कार्य गर्ने संस्थामा रहे/नरहेको | : | नरहेको । | |
| ३३ | लेखा समिति प्रभावकारी भए नभएको | : | सन्तोषजनक रहेको । | |
| ३४ | संस्थाले प्राकृतिक व्यक्ति बाहेक अन्य निकायहरूमा ऋण वा शेयर लगानी गरेको विवरण देहाय बमोजिम रहेको छ । | | | |
| | लगानीका शिर्षक : | | लगानी रकम | |
| | रा. स. बैंक शेयर : | रु | [illegible] | |
| | नेफ्स्कुन बचत संघ शेयर : | रु | [illegible] | |
| | दुग्ध उत्पादन केन्द्र शेयर : | रु | [illegible] | |
| | जिल्ला सहकारी संघ शेयर : | रु | [illegible] | |
| | ग्यास व्यवसाय लगानी : | रु | [illegible] | |
| | रा. सहकारी बैंक मुद्दती : | रु | [illegible] | |
| | जिल्ला सहकारी संघ बचत : | रु | [illegible] | |
| | विराट कृषि उ.तथा ब.वि.स.स.लि. शेयर : | रु | [illegible] | |
| | नेफ्स्कुन बचत संघ बचत : | रु | [illegible] | |
| | कोशी प्रदेश बचत संघ शेयर : | रु | [illegible] | |
| | कोशी प्रदेश सहकारी संघ शेयर : | रु | [illegible] | |
| | जम्मा : | रु | [illegible] | |
| ३५ | ऋण र शेयर बापत लगानी गरेको निकायमा सञ्चालकको संलग्नताको अवस्था | : | जिल्ला सहकारी संघ मोरंग र कोशी प्रदेश बचत संघको सञ्चालक समितिमा [illegible] प्रतिनिधित्व रहेको छ । | |
| ३६ | सञ्चालकहरू अन्य निजि वा व्यवसायिक निकायको सञ्चालक पदमा रहेको भए उक्त निकायको नाम र पद | : | छैन । | |
| ३७ | सञ्चालकहरू निजि निकाय, सहकारी संस्था निकायको सञ्चालक रहे नरहेको, रहेको भए विभागीय स्वीकृति लिए नलिएको | : | छैन । | |
| ३८ | संस्थाले सदस्यहरूलाई संस्थाको गतिविधिको जानकारी गराउने तरिका | : | सूचना टिपोट बोर्ड, मासिक प्रकाशन, फोन सम्पर्क, पत्राचार, फेसबुक, ईमेल, एस एम एस, वेबसाइट, मोबाइल एप आदि । | |

Page 4

| सि.नं. | विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|
| ३९ | पल्लामा रहेको तरलता (नगद + बैंक) | | | | |
| | कुल सम्पत्तिमा : | ११.४८ % | | | |
| | कुल बचतमा : | २६.६७ % | | | |
| ४० | कुल निक्षेपमा शेयर पुँजी : | १५.२९ % | | | |
| ४१ | [illegible] ऋण लगानीको अनुपातमा [illegible] : | ०.७० % | | | |
| ४२ | यस वर्ष प्राप्त निक्षेपमा भुक्तानी निक्षेप : | १५.२६ % | | | |
| ४३ | सञ्चालन खर्च औसत सम्पत्तिमा : | १.४४ % | | | |
| ४४ | प्रभावकारी वित्तीय संरचना | | | | |
| | पुँजी तथा दायित्व तर्फ | % | सम्पत्ति तथा आम्दानी तर्फ | % | |
| | शेयर पुँजी : | १३.६१ | नगद : | ०.१६ | |
| | जगेडा कोष : | ३.१३ | बैंक मौज्दात : | १९.६६ | |
| | अन्य कोष : | ५.६८ | लगानी : | १.७८ | |
| | निक्षेप : | ७७.४६ | ऋण लगानी : | ६२.६४ | |
| | बाह्य ऋण : | ०.०० | अनुत्पादक सम्पत्ति : | ५.८० | |
| | भुक्तान दिन बाँकी दायित्व : | १.३० | नोक्सान : | ०.२० | |
| | जम्मा : | १०० | जम्मा : | १०० | |
| ४५ | वृद्धि तर्फ | | | | |
| | शेयर पुँजीमा वृद्धि : | ८.१४ % | | | |
| | कोष हिसाबमा वृद्धि : | २.४२ % | | | |
| | निक्षेपमा वृद्धि : | २७.१४ % | | | |
| | बाह्य ऋण लिएकोमा वृद्धि : | ०.०० % | | | |
| | सदस्यलाई ऋण लगानीमा वृद्धि : | ७.६९ % | | | |
| ४६ | कारोबार तर्फ गत आ.व. मा वृद्धि | | | | |
| | निक्षेप संकलन वृद्धि : | ६१.७८ % | | | |
| | निक्षेप भुक्तानीमा वृद्धि : | १३.७४ % | | | |
| | ऋण प्रवाहमा वृद्धि : | ०.७७ % | | | |
| | ऋण भुक्तानीमा वृद्धि : | ४४८.०७ % | | | |
| | ब्याज आम्दानीमा वृद्धि : | १७.११ % | | | |
| | ऋण असुलीमा वृद्धि : | २.०२ % | | | |
| | कुल आम्दानीमा वृद्धि : | ५.४७ % | | | |
| | कुल खर्चमा वृद्धि : | १७.६१ % | | | |
| | कुल सम्पत्ति दायित्वमा वृद्धि : | १९.४२ % | | | |
| ४७ | अन्य कारोबार | | | | |
| | कुल निक्षेपमा कुल ऋण लगानी : | ८०.८९ % | | | |
| | कुल निक्षेप र बचतमा ऋण लगानी : | ८०.७७ % | | | |
| | कुल ऋण लगानीमा जोखिम व्यवस्था : | ४.७२ % | | | |
| | कुल ऋण लगानीमा खराब ऋण : | ४.१२ % | | | |
| | कुल शेयर, बचत र ऋणमा ऋण लगानी : | ६१.४२ % | | | |
| | कुल शेयर, बचत र ऋणमा तरलता : | २१.६४ % | | | |

कृष्ण महराई — प्रबन्धक
फणिन्द्रनाथ अधिकारी — कोषाध्यक्ष
ओमराज सुवेदी — सचिव
जीवन आचार्य — अध्यक्ष
नि. चौधरी एण्ड एसोसिएट्स — लेखापरीक्षक

Page 6

# राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. विराटनगर

## २७औं वार्षिक साधारण सभामा

## सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत

## वार्षिक प्रतिवेदन २०८२

राष्ट्रले अंगिकार गरेको सार्वजनिक, निजी र सहकारी तीनखम्बे आर्थिक नीतिको एउटा खम्बाको रुपमा रहेको सहकारी आन्दोलनलाई मुलुकको राष्ट्रसेवकको हैसियतले आ-आफ्नो क्षेत्रबाट योगदान पुर्याउन,

सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुरुप आफ्ना सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनस्तरलाई उकास्न,

स्वावलम्वी र स्वाभिमानी राष्ट्रसेवक मार्फत मुलुकी प्रशासन र सुशासनको दिगो विकास हासिल गर्न,

सहकारीताको साझा चौतारीमा सामूहिकता, इमान्दारिता, पारदर्शिता र त्यसबाट प्राप्त उर्जालाई सम्बृद्धिमा परिणत गर्दै अगाडि बढिरहेको यो राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. विराटनगरको २७औं बार्षिक साधारणसभाका आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यूहरु, आमन्त्रित महानुभावहरु, पत्रकारज्यूहरु तथा उपस्थित सम्पूर्ण शेयर सदस्यज्यूहरुमा म संस्थाको सञ्चालक समितिको तर्फबाट हार्दिक सहकारी अभिवादन गर्दछु साथै यस सभामा उपस्थित भै कार्यक्रमको शोभा बढाईदिनु भएकोमा स्वागत, सम्मान र आभार प्रकट गर्दछु ।

संस्थाको २७औं बर्षिक साधारण सभाको यो महत्वपूर्ण घडीमा संस्थाको स्थापना र विकासमा नेतृत्व प्रदान गरी दिवंगत हुनु भएका अग्रजहरु स्व. मुरारी भट्टराई, स्व. शंकर प्रसाद पोखरेल र स्व. दधिराम दाहाललाई सम्झदै उहाँहरु प्रति श्रद्धासुमन अर्पण गर्दछु । यो अभियानको शुरुवात गरी राष्ट्रसेवक सहकारीलाई देशभर फैलाउन महत्वपूर्ण योगदान गनुहुने सबै अग्रजहरु प्रति यो पुनीत अवसरमा सम्मान गर्न चाहान्छु ।

पछिल्लो समयमा भ्रष्टाचार अन्त्य र सुशासनको माग राखी भएको युवा पुस्ता (जेन जी)ले सञ्चालन गरेको आन्दोलनमा सहादत प्राप्त गर्ने कलिला नानीबाबुहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

गत साधारण सभा पश्चात असामयिक निधन हुने संस्थाको स्थापना गर्न महत्वपूर्ण योगदान पूऱ्याउनु हुने संस्थापक सदस्य आनन्द सुवेदी (१३), पूर्व सञ्चालक बासुदेव कोइराला (११०३), शेयर सदस्यहरु उमेश मरिक (२०७४), मिश्रीलाल ठाकुर (१५४९), उमादेवी रिसाल पोखरेल (१०२७), कृष्णदेव गिरी (६२७) सहित हाम्रो सहकार्यबाट छुट्टिनु भएका शेयर सदस्यहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । आफ्ना परिवारका सदस्य गुमाई पिडामा रहनु हुने शेयर सदस्य र परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु । संस्थालाई यहाँसम्म ल्याई पुर्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने अग्रजहरु, शेयर सदस्यज्यूहरु, शुभेच्छुक र संघसंस्थाहरु सबैप्रति आभार प्रकट गर्दछु ।

पछिल्लो समय देशमा उत्पन्न विषम परिस्थितिका कारण मिति २०८२ असोज ४ गते तय गरिएको वार्षिक साधारण सभा स्थगित गर्नुपरेको व्यहोरा सादर अनुरोध गर्दछु ।

संस्थाले २८ वर्षको यो अवधिमा गौरवशाली इतिहास निर्माण गर्दै इमान्दारिता, पारदर्शिता, लगनशिलता र सामूहिकताको संयोजनबाट विश्वासको धरोहर निर्माण गर्न सफल भएको छ । तपाईं हामी सवैको सामूहिक प्रयास भयो भने आगामी दिनमा यसलाई अझ उचाईमा पुऱ्याउन सकिन्छ । हामीले प्राप्त गरेको आर्थिक, सामाजिक र सांस्कृतिक सुरक्षालाई अझै बढोत्तरी गर्न सकिन्छ । यहि विश्वासका साथ संस्थाको श्रीबृद्धिमा योगदान पुऱ्याउनु हुने तपाईं सम्पूर्ण शेयर सदस्यज्यूहरुमा बधाई र शुभकामना ब्यक्त गर्दछु ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

२०४८ सालमा भएको कर्मचारी आन्दोलनबाट शिक्षा लिँदै आजभन्दा २९ बर्ष अगाडि नेपाल निजामती कर्मचारी संगठन मोरङले प्रारम्भ गरेको कल्याण कोषको सार्थकता आज राष्ट्रसेवक सहकारी संस्था लि.को यो विस्तार र सुदृढताले पुष्टि गरेको छ ।

पेशागत क्षेत्रबाट सहकारी आन्दोलनलाई निरन्तरता दिन नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा मोरङबाट शुरु भएको यो अभियान आज मुलुकका ६९ जिल्लामा राष्ट्रसेवक सहकारी स्थापना गर्दै हाल करिव २५ हजार सदस्य र ३ अर्ब भन्दा बढी पूँजी निर्माण र परिचालन गर्न सक्षम भएको छ।
यसरी स-साना बचतलाई उचित संयोजन गर्न सके धेरै मनहरु जोड्न र उल्लेखनीय पुँजीको निर्माण गर्न सकिने रहेछ भन्ने विश्वासको वातावरण निर्माण भएको छ। यसले गर्विलो इतिहास निर्माण गरेको छ। विगतका सफलता र वर्तमानलाई उचित व्यवस्थापन गर्दै सुन्दर भविश्य निर्माणको खाका तयार गर्दै अगाडि बढ्नु हामी सबैको जिम्मेवारी रहेको व्यहोरा अनुरोध गर्दछु।
राष्ट्रसेवक सहकारी आन्दोलनको अगुवा र सहयात्री संस्थाको रुपमा २६ बर्ष व्यतित गरीरहँदा संस्थाले अनुकूलता मात्र होइन धेरै प्रतिकूलता र समस्याहरुबाट समेत गुज्रनु परेको छ तथापि समस्याबाटै समाधान अनि प्रतिकूलता विचबाटै अनुकूलता पहिल्याउन तपाई हाम्रो ऐक्यवद्धता सामूहिकता हार्दिकताले सम्भव तुल्याएको छ। यसलाई सर्वाधिक खुसीको अवसरको रुपमा लिएको छु।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

संस्थाको जीवनको असाध्यै महत्वपूर्ण यस २७औं वार्षिक साधारणसभालाई हामीले विगत बर्षमा के-के गर्यौं, अब के गर्नुपर्ला भनेर छलफल गर्ने, एक आपसमा भेटघाट गर्ने, सौहार्द्धता साटासाट गर्ने, विगतलाई सम्झने र आत्मसात गर्ने, गम्भीरतापूर्वक समीक्षा, चिन्तन मनन र अठोट गर्ने अवसरको रुपमा लिएका छौं। साधारण सभा हाम्रो आर्थिक, सामाजिक, सांस्कृतिक अनि सांगठनिक जीवनलाई सरलताका साथ सम्बृद्धितर्फ डोर्‍याउने सुनौलो भविष्य प्राप्तीको लागि थप एक खुड्किलो उक्लने दिन पनि हो। यसर्थ यस अवसरमा प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु तथा शेयर सदस्यज्यूहरुबाट यस अभियानलाई अझै उचाइमा पुर्‍याउन रचनात्मक सुझाव, सल्लाह र शुभेक्षाको अपेक्षा गरेको छु।

यस बेला विश्व नैं आर्थिक मन्दीको चपेटामा परेको छ। नेपालको अर्थ व्यवस्था समेत यसबाट अछुतो छैन। बैंङ्किङ क्षेत्रको अस्वस्थ प्रतिस्पर्धा र वित्तीय बजारमा देखिएको आर्थिक सङ्कट तथा केहि सहकारीहरुले सरकारी मूल्य मान्यता र सिद्धान्तलाई अवलम्बन नगरी सहकारीलाई ब्यापार गर्ने संस्था बनाउने, सर्वसाधारणलाई अनावश्यक आर्कषण दिने, सर्वसाधारणबाट बचत संकलन गर्ने र भाग्ने प्रवृत्ति तथा कतिपय अवस्थामा सञ्चालन व्यवस्थापनको कमी कमजोरी जस्ता कारणबाट सहकारी प्रति विकसित भएको नकारात्मक धाराणाबाट सहकारी क्षेत्र अप्ठ्यारो परिस्थितिमा रहेको छ। पछिल्लो समयमा युवापुस्ताको आन्दोलनको नाममा भएका भौतिक संरचनाहरु र अभिलेखहरुको क्षतिबाट देशको आर्थिक अवस्था अझै अस्तव्यस्त हुने परिस्थितिमा छ। यस्तो विषम परिस्थितिमा पनि सहकारी सिद्धान्त मूल्य मान्यतालाई अवलम्बन गर्दै हामी आम शेयर सदस्यहरुको विश्वासमा सहजतापूर्वक संस्था सञ्चालन गर्न सकेका छौं आगामी दिनमा समेत हाम्रो यो यात्रा निरन्तर अगाडि बढिरहनेछ भन्न पाउँदा अत्यन्तै खुसी लागेको छ।

सहकारी ऐनमा संशोधन भई राष्ट्रिय सहकारी नियमन प्राधिकरण, कर्जा सूचना केन्द्र, कर्जा असुली न्याधिकरण जस्ता संरचनाहरु निर्माण भएका छन्। राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी मापदण्ड तथा सहकारी विभागबाट जारी भएको निर्देशन अनुरुप संस्था संचालन गर्न हामीले संचालन गरिरहेका विधि र प्रकृयाहरुलाई परिमार्जन गर्न यसै साधारणसभा मार्फत आवश्यक कार्यविधिहरु निर्माण तथा संशोधन गर्नु पर्ने भएकोले सो समेत प्रस्तुत गरिएको छ। समग्र सहकारी क्षेत्रलाई संकुचन गर्नेखालका प्रावधानहरुलाई अझै व्यवस्थित र सहकारीमैत्री बनाउन करको व्यवस्थालाई सहकारी ऐनअनुरुप बनाउने जस्ता साझा सवालहरुमा सिङ्गो सहकारी आन्दोलन एकजुट भएर अगाडि बढ्नु आवश्यक छ।

**१) राष्ट्रसेवक सहकारीको परिकल्पना (Vision)**

राष्ट्रसेवक सहकारी संस्थाहरुले नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा सहकारीका अन्तराष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तहरुबाट निर्देशित हुँदै आफ्ना सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक पक्षको संस्थागत र दिगो विकास गर्दै शोषणरहित समुदायको विकास तथा समाज परिवर्तनको पुनीत कार्यमा योगदान पुर्‍याउने छन्।

**२) राष्ट्रसेवक सहकारीको ध्येय (Mission)**

मुलुकका सवै जिल्लाहरुमा राष्ट्रसेवक सहकारीहरुको विस्तार गर्दै संस्थाहरुलाई आफ्ना सदस्यहरुको सम्पूर्ण आर्थिक, सामाजिक क्रियाकलापहरुको केन्द्रको रुपमा विकसित गर्नु,

राष्ट्रसेवकहरुलाई स्वावलम्वी र आत्मनिर्भर बनाउँदै उनीहरुको कार्य कुशलतामा बृद्धि गर्नु तथा समग्र सहकारी आन्दोलनमा पेशागत क्षेत्रबाट महत्वपूर्ण योगदान पुऱ्याउनु राष्ट्रसेवक सहकारीको ध्येय हुनेछ ।

उक्त परिकल्पना र ध्येयमा आधारित रही रणनीतिक योजना निर्माण गर्नु अवको कार्यभार रहेको छ ।

**यस संस्थाले २८ वर्षको दौरानमा हालसम्म प्राप्त गरेका नीतिगत उपलब्धिहरुलाई समेत यहाँ उल्लेख गर्न चाहन्छु ।**

१. देश भरिका राष्ट्रसेवक सहकारीहरुमा पहिलो स्थापना भएको यस संस्थाले पुँजी, प्रविधि तथा गतिविधिमा श्रेष्ठता कायम राख्न सकेको ।
२. ५७ करोड माथिको पूंजी निर्माण ।
३. विराटनगरको मुख्य बजारमा आफ्नै सुविधा सम्पन्न भवन निर्माण ।
४. सामूहिकताको विकास ।
५. आम शेयर सदस्यको विश्वास आर्जन तथा सदस्य बन्ने आकर्षण ।
६. नियमित अवलोकन भ्रमण ।
७. तीज, बनभोज जस्ता कार्यक्रमबाट आत्मियता साटासाट र सम्बन्धलाई प्रगाढ बनाउन सकिएको ।
८. तालिमहरुको माध्यमबाट सञ्चालक समिति र शेयर सदस्यहरुको क्षमता विकासमा सहयोगी हुन सकिएको ।
९. अवकाश प्राप्त राष्ट्रसेवक कर्मचारीहरुलाई समेत क्रियाशिल बनाउन सकिएको ।
१०. शेयर सदस्यलाई आर्थिक, सामाजिक र साँस्कृतिक सुरक्षा प्रदान गर्न सकिएको ।
११. समय सापेक्ष सूचना प्रविधि र उपकरणमार्फत कारोबारहरु व्यवस्थित गरिएको ।
१२. साहित्यिक कार्यक्रममार्फत संस्थाको पहिचान स्थापित गर्न सकिएको ।
१३. श्रष्ठासम्मान तथा अक्षयकोष मार्फत विशिष्ट योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई सम्मान गरिएको ।
१४. सहुलियत दरमा ऋण लिएर अधिकांश शेयर सदस्यले घडेरी खरिद, घर निर्माण, छोराछोरीको उच्च शिक्षा अध्ययन, स्वास्थ्य उपचारमा सहयोग पुऱ्याउन सकिएको ।
१५. शेयर सदस्यहरुलाई उत्पादनमूलक कार्यहरुमा अग्रसर हुन प्रेरित गरिएको ।
१६. समुदाय प्रतिको चासो अन्तर्गत साहित्यिकि कार्यक्रम, श्रष्ठा सम्मान, ज्येष्ठ नागरिक सपोट, बृक्षारोपण, रक्तदान, असहाय सहयोग, विद्यार्थी सम्मान, बालबालिकाको क्षमता विकास, विभिन्न अक्षयकोषहरु मार्फत समाजमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई सम्मान तथा पुरस्कृत गरिएको ।
१७. शेयर सदस्य, शेयर सदस्यका सन्ततिहरुलाई हौसला प्रदान गर्न शैक्षिक सम्मानका कार्यहरु गरिएको ।
१८. सहकारी अध्ययन तथा सूचना केन्द्र मार्फत तालिम, शिक्षा र सूचनाका कार्यक्रम संचालन गरिएको ।
१९. संस्था संचालनमा देखिएका साझा सवालका विषयमा अन्य सहकारी संस्थाहरु, अभियान र सरोकारवालासँग छलफल तथा अन्तरकृया गरी निकालिएका निष्कर्षहरु नीति निर्माण तहसम्म पुऱ्याई समस्या समाधानको प्रयास गरिएको ।
२०. अर्थतन्त्रको तीन खम्बा मध्ये एक खम्बाको रुपमा रहेको सहकारी क्षेत्रले समेत राजश्वमा महत्वपूर्ण योगदान गर्दै आएको छ । यस संस्थाले आ.व. ०८१/८२ मा निम्मानुसारका शीर्षकगत राजश्व बुझाएको छ ।

| क्र.सं. | विवरण | बुझाएको रकम | कैफियत |
|---|---|---|---|
| १ | कर व्यवस्था १५ प्रतिशत (पुँजीमा प्रतिफल, घरभाडा, साधारणसभा परिवहन, पदाधिकारी व्यवस्थापन, बैठकभत्ता) | ३३०८०६७.०० | |
| २ | निक्षेपको ब्याज कर ६ प्रतिशत | १९५८४५९.०० | |

| | | | |
|---|---|---|---|
| ३ | सामाजिक सुरक्षा कर | ६४८०.०० | |
| ४ | टि.डि.एस. | ३९४०.०० | |
| | **जम्मा** | **५२७६९४६.००** | |

**आदरणीय शेयर सदस्यज्यूहरु,**

अब म संस्थाको आ.व. ०८१/०८२ को बार्षिक नीति, कार्यक्रम र बजेटको कार्यान्वयनको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

१. आ.व. ०८१/०८२ मा संस्थाको सञ्चालक समितिको १३ वटा बैठक सञ्चालन गरी कार्य योजना निर्माण, प्रगति समीक्षा एवं नीतिगत सुधारका विषयमा छलफल तथा निर्णय गरी कार्यान्वयन गरिएको छ ।

२. यस संस्थाको लेखा सुपरिवेक्षण समितिको बैठक चौमासिक रुपमा बसी संस्थाको सम्पूर्ण हिसाव किताव तथा गतिविधि निरीक्षण गरी महत्वपूर्ण सुझाव प्राप्त गरी सञ्चालक समितिले कार्यान्वयन गर्ने गरेको छ ।

३. ऋण माँग भई मूल्याङ्कन उप-समितिको निरीक्षणपछि ऋण लगानी उप-समितिको बैठक बसी कर्जा स्वीकृतीको लागि सिफारिस गर्ने गरिएको छ । ऋण लगानीलाई सञ्चालक समितिबाट स्वीकृत तथा अनुमोदन गर्ने गरिएको छ ।

४. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकारहरुका अतिरिक्त नौ वटा उप-समितिहरु (शिक्षा, ऋण लगानी तथा अनुगमन, बचत परिचालन, धितो मूल्याङ्कन, सामाजिक साँस्कृतिक तथा साहित्यिक, ज्येष्ठ नागरिक समन्वय, महिला शेयर सदस्य तथा बालबालिका समन्वय तथा परिचालन, व्यवसाय प्रवर्द्धन र नीति अनुसन्धान तथा व्यवस्थापन) गठन गरी कार्यविवरण सहितको जिम्मेवारी दिईएको छ । आवश्यकता अनुसार सवै समिति, उपसमितिका बैठक बसी संस्था संचालनमा सहयोग पुग्ने महत्वपूर्ण निर्णयहरु भएका छन् ।

५. संस्थाको कारोवार सिनर्जी टेक सफ्टवेयर प्रा.लि. ललितपुरको अनलाईन सफ्टवेयरमार्फत गरी दैनिक, मासिक, अर्धवार्षिक र वार्षिक खाताबन्दी गर्ने व्यवस्था मिलाईएको छ । शेयर सदस्यले संस्थामा गरेको कारोबारको सूचना एस.एम.एस. मार्फत तत्कालै जानकारी गराउने कार्य निरन्तर गरिएको छ ।

६. सेफ, ग्याँस गोदाम र मार्गस्थ नगदको बीमा गरिएको छ ।

७. संस्थाको वेभसाईटमा सूचनाहरुलाई अध्यावधिक गर्ने, एस.एम.एस. सेवाद्वारा सूचनाहरु शेयर सदस्य सम्म पुऱ्याउने, ईमेल, इन्टरनेट सेवा उपलव्ध गराउने र मासिक खाताबन्दीको वित्तीय विवरण संस्थाको सूचना पाटीमा, फेसबुक पेज र वेबसाइटमा प्रकाशित गर्ने गरिएको छ ।

८. संस्थाको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन CCTV को व्यवस्था, नोट काउन्टिङ मेशिनको व्यवस्था गरिएको छ ।

९. मोवाइल एप्लीकेशनबाट आफ्नो खाताको विवरणहरु हेर्ने, संस्थाको आफ्नो खाताबाट अन्य शेयर सदस्यको सहकारीको खाता तथा विभिन्न बैंक खातामा रकम ट्रान्सफर गर्ने, क्यूआर स्क्यान पे गर्ने, युटिलिटी पेमेन्ट, मोवाईल टपअप लगायत विभिन्न सेवाहरु उपयोग गर्न सकिने व्यवस्था मिलाईएको छ ।

१०. नियामक निकायमा पठाउनु पर्ने विवरणहरु समयमै पठाउने गरिएको छ ।

११. प्रत्येक महिनाको वित्तिय विवरण तोकिएको ढाँचामा सार्वजनिक गर्ने तथा संस्थाको सूचनापार्टीमा टाँस गर्ने गरिएको छ ।

१२. डिजिटल बोर्डमार्फत वित्तिय विवरण, सदस्य वडापत्र, संस्थाका गतिविधि, सदस्य शिक्षाका विषयहरु प्रशारण गर्ने गरिएको छ ।

१३. गुनासो पेटीका, गुनासो सुन्ने अधिकारी र सूचना अधिकारी तोकी जिम्मेवारी दिईएको छ ।

१४. सम्पत्ति सुद्धिकरण निवारण सम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन २०७४ (संशोधन सहित) अनुसार निर्देशिका निर्माण गरी सोको कार्यान्वयनको प्रकृयालाई अगाडि बढाइएको छ ।

१५. मोवाईल बैंकिङ सेवा, इ-सेवा, कनेक्ट आइपिएस जस्ता अनलाईन माध्यम तथा भौतिक रुपमा उपस्थित भई शेयर सदस्यले संस्थाको नाममा रहेका बैंक खातामा कार्यालय समयमा रकम जम्मा गरेमा उक्त रकम

सोही दिन संस्थामा शेयर सदस्यले चाहेको कारोबार गरी सोको जानकारी एस.एम.एस.मार्फत गराउने व्यवस्था मिलाईएको छ । यो कार्यले सदस्यहरुलाई निकै सहजता प्रदान गरेको छ भने सेवा प्रभावकारी रुपमा सञ्चालन भइरहेको महशुस गरेका छौँ ।

१६. संस्थाको पछिल्ला तीन आर्थिक वर्षको उपलब्धिलाई निम्नअनुसार प्रस्तुत गरेको छु । वित्तिय बजारमा आएको संकुचन तथा यस संस्था प्रतिको शेयर सदस्यहरुको विश्वासका कारण अनुमान गरेभन्दा बढी निक्षेप प्राप्त भएको र अपेक्षित लगानी हुन नसक्दा संचालन बचतमा कमी हुन आएको व्यहोरा अनुरोध गर्दछु ।

| सि.नं | विवरण | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व.०८१/८२ |
|---|---|---|---|---|
| १ | सदस्य संख्या | १८२६ | १८४७ | १८९३ |
| २ | कूल सम्पत्ति दायित्व | ३८९१४४१५१.७१ | ४८०४८५१५७.४१ | ५७३८५७४५४.१९ |
| ३ | शेयर पूँजी | ६१७८६३००.०० | ६६९४२८००.०० | ७२३९१९००.०० |
| ४ | कोष हिसाव | २८६५४७११.३१ | ४८७८९०१८.४२ | ४९९७२०४३.३१ |
| ५ | निक्षेप हिसाव | २८९५२७७४८.०४ | ३४९४६८३७०.९४ | ४४४३११७०८.७३ |
| ६ | ऋण लगानी | २८४८७१५४०.०० | ३३४४८१५१२.०० | ३५८८७२९९४.०० |
| ७ | परिवार राहत कार्यक्रम | २१०१७६९.०० | २२४०२६९.०० | २२९१२६९.०० |
| ८ | जायजेथा तथा उपकरण | १४२१४७९६.०० | ३२२६०३८७.५२ | ३५६७३००१.७० |
| ९ | कूल आम्दानी | ४०८१५००९.०० | ४८२०४५८६.५६ | ५१४३५५६९.४६ |
| ११ | कूल खर्च | ३५२६१६८२.१० | ४१८५२७४१.९३ | ४९२२३९६७.७६ |
| १२ | सञ्चालन बचत | ५५५३३२६.९० | ६३५१८४४.६३ | २२११६०१.७० |

**आदरणीय शेयर सदस्यज्यूहरु,**

**अब म आ.व. २०८०/८१ मा संस्थाले गरेका कारोवार तथा गतिविधिहरु संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु,**

१. **सदस्यताः** आ.व. ०८०/८१ को आषाढ मसान्तमा सदस्य संख्या १८४७ रहेकोमा आ.व.२०८१/८२ मा १०० जना नयाँ थप, ५४ जनाको राजिनामा स्वीकृत भई जम्मा सदस्य संख्या १८९३ पुगेको छ । जसमा एक जना पूरुष सदस्यको मृत्यूपछि नीजको श्रीमतीको नाममा खाता नामसारी गरिएको छ ।

२. **शेयरपुँजीः** संस्थाको शेयरपुँजी अघिल्लो आ.व.मा रु.६,६९,४२,८००.०० रहेकोमा रु.५,४९,१००.०० थप भई आ.व. ०८१/८२ मा रु.७,२३,९१,९००.०० रहेको छ । कुल सम्पत्तिमा शेयर पुँजीको अंश १२.६१ प्रतिशत रहेको छ ।

३. **कोष हिसावः** अघिल्लो आ.व.मा रु.४,८७,८९,०१८.४२ रहेकोमा रु.११,८३,०२४.८९ थप भई आ.व. ०८१/८२ मा रु.४,९९,७२,०४३.३१ रहेको छ । जसमध्ये जगेडा कोषमा रु.३,७५,४४,३५२.३४ अर्थात कूल कोष रकमको ७५.१३ प्रतिशत रहेको छ । कूल सम्पति दायित्वमा कोषको अंश ६.५४ प्रतिशत रहेको छ ।

४. **निक्षेप हिसावः** संस्थाको आवश्यकता अनुसार नियमित, ऐच्छिक र आबधिक प्रकृतिका विभिन्न शीर्षकका बचत खाताहरु सञ्चालन भई आ.व. ०८०/८१ मा कूल बचत रु.३४,९४,६८,३७०.९४ भएकोमा आ.व. ०८१/८२ को अन्त्यमा रु.९,४८,४३,३३७.७९ थप भई रु.४४,४३,११,७०८.७३ बचत दायित्व रहेको छ । कूल बचत मध्ये क्रमागत अर्थात नियमित बचत २७.५८ प्रतिशत, ऐच्छिक बचत ३१.५३ प्रतिशत, आवधिक बचत ४०.८८ प्रतिशत रहेको छ ।

५. **सदस्य सुरक्षा कार्यक्रमः** सदस्य सुरक्षा कार्यक्रमबाट शेयर सदस्यको मृत्यु भएमा राहत स्वरुप रु.१५०००.०० र सदस्य भएको तीन वर्ष पुरा भई नियमित कारोबार गर्ने ७५ वर्ष उमेर नाघेका ज्येष्ठ सदस्यहरुलाई सम्मान तथा औषधि उपचार खर्च स्वरुप वार्षिक रु.२०००.००, नवजात शिशु पोषण खर्च

स्वरुप रु.५०००.०० र असाध्य रोग लागेका शेयर सदस्यहरुलाई फलफूल खर्च स्वरुप रु. ५०००/- सहित घर वा अस्पताल मै गएर स्वास्थ्य लाभको कामना गर्ने गरिएको छ । हाल यस कोषमा रु.२२,९९,२६९.०० रकम रहेको छ ।

६. **अन्य दायित्वः** अघिल्लो आ.व.मा अन्य दायित्व रु.५८,७३,६९५.०३ मा रु.२२,१०,४९५.२६ दायित्व घटाई आ.व.०८१/८२ को अन्त्यमा अन्य दायित्व रु.३६,६३,१९९.७७ कायम रहेको छ ।

७. **लगानी हिसावः** अघिल्लो आ.व. रु.३,२७,११,०७६.०० लगानी रहेकोमा रु.९८,५७,१८९.८२ थप भई आ.व.०८१/८२ को अन्त्यमा लगानी हिसाव रु.४,२५,६८,२६५.८२ कायम रहेको छ ।

८. **लगानी सम्पत्तिः** आ.व.०८०/८१ मा रु.२,२३,५३,५१५.०० लगानी सम्पत्ति रहेकोमा आ.व.०८१/८२ मा रु.२,०५,२२७.०० घटी भई जम्मा रु.२,२१,४८,२८८.०० कायम रहेको छ । यसमा विराटनगर १९ को जग्गा र विराटनगर ९ मा रहेको साविकको पुरानो घर र घरले चर्चेको जग्गा रहेको छ ।

९. **ऋण लगानीः** संस्थाले शेयर बचत, धितो ऋण, आवधिक बचत ऋण, हायरपर्चेज ऋण, शैक्षिक ऋण लगायत ऋण शीर्षकमा लगानी गरेको छ । आ.व.०८०/८१ मा ऋण लगानी रु. ३३,४४,८१,५१२.०० रहेकोमा आ.व. ०८१/८२ को अन्त्यमा रु. २,४३,९१,४८२.०० थप भई ऋण लगानी रकम रु.३५,८८,७२,९९४.०० रहेको छ ।

१०. **पाउनुपर्ने हिसावः** यस शीर्षक भित्र धरौटी, अग्रीमकर र अन्य पाउनु पर्ने हिसाव समावेश छ । आ.व.०८०/८१ मा रु. २७,५०,०७९.४९ रहेकोमा आ.व. ०८१/८२ मा रु.२०,४९,०१८.९९ रहेको छ ।

११. **जायजेथा तथा उपकरणः** यस शीर्षक भित्र फर्निचर, कम्प्यूटर, नयाँ भवन र सो भवनले चर्चेको जग्गा र कार्यालय सामान रहेको छ । आ.व. ०८०/८१ मा जायजेथा तथा उपकरण रु.३,२२,६०,३८७.५२ रहेकोमा आ.व.०८१/८२ मा भवन निर्माणको रकम समेत रु.३४,१२,६१४.१८ थप भई रु.३,५६,७३,००१.७० रहेको छ ।

१२. **अमूर्त सम्पत्तिः** यस शीर्षक भित्र अनलाईन सफ्टवेयर, मोवाइल एप्लिकेशन सफ्टवेयर रहेको छ । आ.व. ०८०/८१ मा रु.१,५९,३७८.०० रहेकोमा आ.व.०८१/८२ मा ह्रासकट्टी पछि रु.१,४३,४४०.०० रहेको छ ।

१३. **अन्य सम्पत्तिः** यस शीर्षकमा ग्याँस व्यवसायमा अघिल्लो आ.व. मा रु.१५,०८,१४०.०० रहेकोमा तत्काल कायम सिलिण्डरको धरौटी वापतको मूल्य रु.५५४०००.०० मात्र कायम राखी अन्य रकम संस्थाको मूल हिसावमा समावेश गरिएको छ ।

१४. **कूल आम्दानीः** संस्थाको २६औं वार्षिक साधारण सभाले रु.५,४८,२२,०००.०० आम्दानी गर्ने लक्ष्य पारित गरेकोमा संस्थाले आ.व.०८१/८२ मा रु.५,१४,३५,५६९.४६ आम्दानी गरी लक्ष्यको ९३.८२ प्रतिशत प्रगति गरेको छ । शीर्षकगत आम्दानी देहाय बमोजिम रहेको छ ।

| क.सं. | विवरण | वार्षिक लक्ष्य रु. | आम्दानी रकम रु. | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | ऋण कारोबारबाट आम्दानी | ४९४१२०००.०० | ४४८२५६५७.०० | ९०.७२ |
| २ | संचालन आम्दानी | ५४१००००.०० | ६५७४४७३.२६ | १२१.५२ |
| ३ | अन्य आम्दानी | ० | ३५४३९.२० | ० |
| | **जम्मा** | **५४८२२०००.००** | **५१४३५५६९.४६** | **९३.८२** |

१५. **कूल खर्चः** संस्थाको २६औं साधारण सभाले पारित गरेको वार्षिक बजेट र आ.व.०८१/८२ मा भएको खर्च देहाय बमोजिम उल्लेख गरेको छु ।

| क.सं. | विवरण | वार्षिक लक्ष्य रु. | खर्च रकम रु. | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रशासनिक उपभोग खर्च | ३५६१८००.०० | ३१३१७७२.०० | ८७.९३ |
| २ | कार्यालय सञ्चालन | ५६३५५००.०० | ४४४७८४३.१५ | ७८.९३ |
| ३ | वित्तीय खर्च | ३६४५००००.०० | ३९२७४११२.४१ | १०७.७५ |
| ४ | संस्था प्रवर्द्धन तथा विकास खर्च | १४१५०००.०० | ६३९६१९.०० | ४५.२० |

| | | | | |
|---|---|---|---|---|
| ५ | कोष व्यवस्थापन खर्च | १९०००००.०० | १६९५१७२.०० | ८९.२२ |
| ६ | स्थगन कर खर्च | ० | ३५४३६.२० | |
| | **जम्मा** | **४८९६२३००.००** | **४९२२३९५४.७६** | **१००.५३** |
| | **संचालन बचत** | | **२२११६०१.७०** | |

१६. **व्यवसायः** संस्थाले सदस्यहरुको आवश्यकतालाई पुरा गर्न एल.पि. ग्याँसको व्यवसाय सञ्चालन गरेको छ। व्यवसायको चालु पूँजीको रुपमा रु.सात लाख उपलब्ध गराइएको छ । शेयर सदस्यहरुको सुविधा र अप्ठ्यारो परिस्थितिमा पनि हाम्रो राष्ट्रसेवक सहकारी मार्फत ग्याँस पाउन सकिन्छ भन्ने स्थापित मान्यतालाई कायम राख्न यो व्यवसाय सञ्चालनलाई निरन्तरता दिइएको छ । आ.व. ०८१/८२ मा प्रतिमहिना सरदर २०० बाट बृद्धी भई २५० थान भन्दा माथि रिफिल ग्याँस विक्री भएको व्यहोरा जानकारी गराउँदछु ।

१७. **सम्पत्ति दायित्वः** आ.व. ०८१/८२ को अन्त्यमा सम्पत्ति दायित्व रु.५४,८३,९७,८५७.४१ पुऱ्याउने लक्ष्य लिएकोमा रु.५७३८५७४५४.१९ पुगी लक्ष्य भन्दा थप ४.६४ प्रतिशत अर्थात १०४.६४ प्रतिशत प्रगति भएको छ ।

१८. **कारोबारः** संस्थाले आ.व.०८१/८२ मा रु.५७,२२,३७,०६९.४० कारोबार गर्ने लक्ष्य लिएकोमा रु.६२०९७०३८८.७५ को कारोबार भई लक्ष्यभन्दा थप ८.५१ प्रतिशत अर्थात १०८.५१ प्रतिशत प्रगति भएको छ ।

उपरोक्त तथ्यहरुबाट संस्था प्रतिको विश्वासमा बृद्धि भई कारोबारमा निरन्तर बृद्धि भईरहेको व्यहोरा प्रस्तुत गर्दछु ।

**संस्था सञ्चालनका चुनौतीहरु**

१. सदस्यहरुबाट ऋण माग घट्दै गएकोले लक्ष्य बमोजिम ऋण लगानी गर्न नसकिएको अवस्था छ । शेयर सदस्यहरुमा उद्यमशीलताको विकास गरी लगानीका अन्य क्षेत्र विस्तार गर्नुपर्ने अवस्था रहेको छ ।
२. संस्थाको सुरक्षाको व्यवस्थालाई अझै प्रभावकारी बनाउनु पर्ने छ ।
३. निजामती क्षेत्रका युवा पुस्तालाई शेयर सदस्य बनाउन थप आकर्षित बनाउनु पर्नेछ ।
४. शेयर सदस्यहरुको विश्वास जित्दै **सम्पूर्ण आर्थिक कारोबारहरु संस्थामार्फत** भन्ने नारालाई सार्थकता दिनु पर्नेछ ।
५. ग्याँस व्यवसायमा विराटनगरमा बसोबास गर्ने सबै शेयर सदस्यहरुलाई सहभागी गराउन सकिएको छैन ।
६. उत्पादनमूलक क्षेत्रमा पर्याप्त लगानी गर्न सकिएको छैन ।
७. सबै शेयर सदस्यलाई सहकारी शिक्षा प्रदान गर्न सकिएको छैन ।
८. सहकारी शिक्षा र चेतनाको बृद्धि गरी सहकारी अभियान प्रतिको नकारात्मक धारणा न्यूनिकरण गर्नुपर्नेछ ।
९. बचतमा आकर्षण बढेकोले निक्षेपमा प्राप्त रकमलाई उचित परिचालन गर्नुपर्नेछ ।

**आ.व.०८१/८२ मा सम्पन्न भएका कार्यक्रमहरु**

१. आ.व. ०८१/८२ मा तोकिए बमोजिम ब्याज तथा पुँजीको प्रतिफल बापत शेयर सदस्यहरुलाई शेयरको १२.५ प्रतिशतमा कर कट्टा गरी नीजको बचत खातामा जम्मा गरिएको ।
२. क्रमागत बचत जम्मा गर्न नियमित अनुगमन गरिएको, तीनवर्ष भन्दा बढि अवधिदेखि कुनै पनि कारोबार नगरेका शेयर सदस्यको खातालाई सदस्य पहिचान विवरण अध्यावधिक गर्दै पुनः कारोबार गरि सक्रिय नभएसम्मको लागि निष्कृय सदस्यको सूचिमा राखी खाता डोरमेट गरिएकोमा केहि शेयर सदस्यहरु सक्रिय हुनुभएको छ भने केहि शेयर सदस्यले खाता बन्द गरी शेयर बचतमा भएको रकम फिर्ता लानु भएको छ ।
३. सुत्केरी हुनुभएका महिला शेयर सदस्यलाई शिशु पोषण खर्च स्वरुप प्रति सदस्य रु.५०००.०० उपलब्ध गराईएको ।
४. मृत्यु हुने शेयर सदस्यको परिवारलाई राहत स्वरुप रु.१५०००.०० आर्थिक सहयोग सहित समवेदना प्रकट गर्ने गरिएको ।

५. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत सदस्य बनेको तीनवर्ष पुरा भई ७५ वर्ष नाघेका संस्थाको कारोबारमा नियमित सदस्यलाई सम्मान स्वरुप उपचार खर्च वापत वार्षिक जनही रु.२०००.०० उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइएको । अन्य ज्येष्ठ नागरिक सपोटका कार्यक्रमहरु संचालन गरिएको ।

६. कडा रोग लागेर उपचार गराई रहेका विरामी शेयर सदस्यलाई भेटगरी संस्थाले सहयोग स्वरुप रु.५०००.०० सहित शिघ्र स्वास्थ लाभको कामना गर्ने गरिएको ।

७. नयाँ सदस्यलाई नियमित आधारभूत सहकारी शिक्षा प्रदान गर्ने गरिएको ।

८. वित्तीय विश्लेषणलाई निरन्तरता दिईएको ।

९. संयुक्त रुपमा सहकारी दिवस मनाइएको ।

१०. संस्थाका १०१ जना शेयर सदस्य र ५ बालबचत सदस्यहरुलाई सदस्यको लागत सहभागिता र संस्थाको व्यवस्थापनमा छिमेकी राष्ट्र भारतको गया, बनारस, प्रयाग र अयोध्याको धार्मिक भ्रमण गराईएको ।

११. ५० जनाभन्दा बढी शेयर सदस्यहरुलाई पाँच दिने उद्घोषण तथा भाषणकला तालिमद्धारा प्रशिक्षित गरिएको ।

१२. कोशी प्रदेश स्तरीय राष्ट्रसेवक सहकारी सुदृढीकरण कार्यक्रम संचालन गरी ७ बुँदे राष्ट्रसेवक सहकारी कोशी घोषणपत्र - २०८२ जारी गरिएको ।

१३. राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्धारा जारी मापदण्ड र सो अनुसार संस्था संचालन सम्बन्धमा मोरङ जिल्लाका १० करोडभन्दा माथि सम्पत्ति दायित्व भएका ३० वटा सहित छिमेकी सहकारीहरुबीच कार्यशाला सम्पन्न गरिएको ।

१४. प्रत्येक महिना सञ्चालन हुने साहित्य सिर्जना र सम्बाद मासिक कार्यक्रमलाई निरन्तरता दिइएको छ । यस कार्यक्रमको ६८औं श्रृङ्खला पुरा भएको छ । नेपाल निजामती कर्मचारी संगठनका पूर्वकेन्द्रिय अध्यक्ष श्री नगेन्द्रमणि न्यौपानेले स्थापना गर्नु भएको अक्षयकोषबाट प्रत्येक महिना रचना प्रस्तुत गर्ने एक जनालाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईएको छ ।

१५. विशेष कार्यक्रम आयोजना गरी यस संस्थामा राखिएको अक्षयकोषहरुबाट विभिन्न क्षेत्रका व्यक्तित्वहरुलाई पुरस्कार वितरण कार्यक्रम आयोजना गरिएको । आ.व. ०८१/८२ मा शेयर सदस्यहरुबाट थप चारवटा अक्षयकोष स्थापना भएका छन् ।

| सि.नं. | अक्षयकोषको नाम | स्थापना कर्ता | स्थापना मिति | कोष रकम |
|---|---|---|---|---|
| १ | मायादेवी न्यौपाने स्मृति अक्षयकोष | इश्वरी पोखरेल | २०६७/११/२५ | ५१०००/- |
| २ | गणेश बहादुर/चेतन राई स्मृति अक्षयकोष | | २०६८/१२/१४ | ५००००/- |
| ३ | नगेन्द्रमणी न्यौपाने ज्येष्ठ नागरीक सम्मान अक्षयकोष | नगेन्द्रमणी न्यौपाने | २०७०/१०/१९ | १०१०००/- |
| ४ | किशोरी खतिवडा स्मृति अक्षयकोष | तुलसी प्र. खतिवडा | २०७१/०३/२२ | २५००००/- |
| ५ | दधिराम दाहाल स्मृति अक्षयकोष | सहकारी संस्था र सरिता दाहाल | २०७४/०२/२४ | २०००००/- |
| ६ | नगेन्द्रमणी न्यौपाने श्रष्ठासम्मान अक्षयकोष | नगेन्द्रमणी न्यौपाने | २०७४/०८/२७ | १०००००/- |
| ७ | मान बहादुर राई स्मृति अक्षयकोष | ने.नि.क.संगठन मोरङ | २०७४/१०/०१ | ५००००/- |
| ८ | डमरुबल्लभ बसन्तकुमारी स्मृति अक्षयकोष | गोविन्दवल्लभ चापागाई | २०७४/१०/०१ | १०१०००/- |
| ९ | राष्ट्रसेवक ज्येष्ठ नागरीक अक्षयकोष | राष्ट्रसेवक ज्येष्ठ नागरीक समाज | २०७४/१०/०१ | १०१०००/- |
| १० | हिरणकुमार थापा स्मृति अक्षयकोष | कृष्णकुमारी थापा | २०७४/११/२० | १०००००/- |
| ११ | नारदमुनी हरीमाया स्मृति अक्षयकोष | तुलसी प्र. खतिवडा | २०७४/१२/१३ | ५१०००/- |
| १२ | गोविन्दबल्लभ कविता चापागाई अक्षयकोष | गोविन्दबल्लभ चापागाई तथा कविता चापागाइ | २०७८/१०/०७ | १०५०००/- |
| १३ | विराटमहेन्द्र रात्री किरणप्रभा चन्द्रकान्त स्मृति प्रतिभा पुरस्कार | नमिता राय | २०८०/१२/१३ | १०००००/- |
| १४ | हेमराज लुइटेल हेरालु स्मृति अक्षयकोष | पवित्रा दाहाल लुईटेल | २०८१/०१/१६ | १०००००/- |
| १५ | मार्सेली उपभोक्ता सचेतना पुरस्कार | कृष्णप्रसाद भण्डारी मार्सेली | २०८१/०८/१२ | २५१०००/- |

| | | | | |
|---|---|---|---|---|
| १६ | पं डमरुबल्लभ पार्वता अधिकारी स्मृति अक्षयकोष | ज्ञानेन्द्र अधिकारी | २०८१/१०/०७ | ५६१११/- |
| १७ | नगेन्द्रमणी न्यौपाने अक्षयकोष | नगेन्द्रमणी न्यौपाने | २०८१/१२/०७ | ५०००००/- |
| १८ | लक्ष्मीदेवी यादव स्मृति पिआरपि अक्षयकोष | शिवनारायण यादव | २०८१/१२/२१ | २०००००/- |

**यस संस्थामा स्थापित निम्न अक्षयकोषबाट हालसम्म निम्न महानुभावहरुलाई सम्मान तथा पुरस्कृत गरिएको छ ।**

**क) दधिराम दाहाल स्मृति पुरस्कार**

ताराबहादुर काफ्ले, केदार न्यौपाने, रुपनारायण अधिकारी (२०८०),मा.रामबहादुर मगर (२०८१)

**ख) किशोरी खतिवडा स्मृति पुरस्कार**

हाङकोनयुमा राई, अम्बिका रिजाल, शिवमाया तुम्बाहाम्फे, झमक घिमिरे, भगवती चौधरी, कल्पलता निरौला, कुन्ता शर्मा (२०८०), भवानी खतिवडा (२०८१),

**ग) हिरणकुमार थापा स्मृति पुरस्कार**

कृष्णप्रसाद भण्डारी मार्सेली, नरबहादुर कार्की (२०८०)

**घ) मार्सेली उपभोक्ता सचेतना पुरस्कार**

उपभोक्ता जागरण अभियन्ता श्री मोहनकाजी न्यौपाने (२०८२) अन्य अक्षय कोषबाट उद्देश्य अनुसारका कार्यक्रम सम्पन्न भएका छन् ।

१६. अक्षयकोष स्थापनाकर्ताले अक्षयकोष स्थापना गर्नुको उद्देश्य समेटी निर्माण भएका अक्षयकोष निर्देशिकाहरु एकिकृत गरी संयुक्त संगालो निर्माणका लागि काम भईरहेको ।

१७. विभिन्न सहकारीका साधारण सभा, जिल्ला संघ, राष्ट्रिय सहकारी बैंक र सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय इनरुवा, सुनसरीबाट आयोजना भएका कार्यक्रमहरुमा सहभागिता जनाइएको ।

१८. सदस्य तथा सदस्य परिवारका सुखद कार्यक्रम र दुःखद घटनाहरुमा संस्थागत रुपमा उपस्थित भई सहभागिता जनाउने गरिएको ।

१९. ऋणको साँवा ब्याज बुझाउन २ देखि ७ दिन अगाडि एस.एम.एस. सूचना प्रणालीलाई निरन्तरता दिइएको ।

२०. संस्थाको मासिक तथा वार्षिक विवरणहरु कोपोमिसमा समावेश तथा अन्य सम्बन्धित निकायमा पठाउने गरिएको ।

२१. संस्थामा कार्यरत व्यवसाय सहायक श्री मातृकाप्रसाद नेपाल कर्मचारी प्रशासन निर्देशिका अनुसार उमेरहदका कारण अवकाश हुनु भएको । नीजको जिम्मेवारीमा रहेको संस्थाको ग्याँस कारोबारको जिम्मेवारी श्री पृथ्वीराज सुवेदीलाई प्रदान गरिएको र कार्यालय सहयोगी पदमा श्री मन्जु सुवेदीलाई करारमा नियुक्ती गरिएको ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

आ.व. २०८१.८२ मा संस्थाले प्राप्त उपलब्धि यहाँ प्रस्तुत गर्न चाहन्छु ।

१. उत्कृष्ट राष्ट्रसेवक सहकारी पुरस्कार प्राप्त भएको ।
-नेपाल निजामती कर्मचारी संगठन केन्द्रिय कार्य समितिबाट

२. बचत तथा ऋण कारोबारमा कोशी प्रदेशको उत्कृष्ट सहकारी पुरस्कार प्राप्त भएको ।
-राष्ट्रिय सहकारी बैंक

३. बचत तथा ऋण कारोबार गर्ने संस्थाहरुमा उत्कृष्ट सहकारी पुरस्कार प्राप्त भएको ।
-प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय

**यस बिचमा विभिन्न जिम्मेवारी प्राप्त भएको कुरालाई पनि यहाँहरु माझ राख्न चाहन्छु ।**

१. संस्थाका अध्यक्ष श्री जीवन काफ्लेलाई कोशी प्रदेश सरकारले समस्या ग्रस्त सहकारी व्यवस्थापन समितिको सदस्य पदमा मनोनयन गरेको ।

२. यस संस्थाका अध्यक्ष श्री जीवन काफ्ले जिल्ला सहकारी संघको सञ्चालक, सहकारी बैंक विराटनगर शाखा व्यवस्थापन समिति, राष्ट्रसेवक सहकारीहरुको सवलीकरण उच्चस्तरीय कार्यदलको संयोजकमा रहनु भएको ।

३. संस्थाका सल्लाहकार श्री काशीराज पराजुली नेपाल निजामती कर्मचारी संगठनको केन्द्रिय सदस्य तथा मोरङ इन्चार्जको जिम्मेवारीमा रहनु भएको ।

४. संस्थाका शेयर सदस्य श्री टिकादेवी पाठक, श्री मोहन मेहता नेपाल निजामती कर्मचारी संगठनको केन्द्रिय सदस्य, शेयर सदस्य श्री अशेषकुमार लम्साल पेशागत महासंघ प्रदेश कमिटी अध्यक्ष, सल्लाहकार श्री हरीप्रसाद सुवेदी नेपाल निजामती कर्मचारी संगठन प्रदेश कार्य समिति कोशीको अध्यक्ष, सल्लाहकार श्री शालिगराम कोइराला नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्य समिति मोरङको अध्यक्षको जिम्मेवारीमा रहनु भएको ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

हामीसँग रहेको बचत रकममा दिइने ब्याज र ऋण लगानीमा लिइने ब्याजको अन्तर अत्यन्तै न्यून रहेको छ । सञ्चालन खर्च न्यून रहेकै कारण थोरै मार्जिनबाट समेत व्यवस्थापन गर्न सकिएको छ । हाम्रो सञ्चालन खर्च औसत कूल सम्पत्ति दायित्वको १.४४ प्रतिशत रहेको छ ।

न्यून सञ्चालन लागतमा अधिकतम पूँजी परिचालनको सम्भावनाहरुको खोजी गर्नु पर्ने आवश्यकता छ । हामी विस्तारै प्रविधिमार्फत संस्था सञ्चालन गर्ने अवस्थामा आइपुगेका छौं ।

आ.व. ०८१/८२ मा छुट्याइएको शेयर बोनसको रकम रु. ६,९२,०१०.१७ शेयरको आधारमा र संरक्षित पूँजी फिर्ता कोषको रकम रु. ४,१४,६७५.३२ कारोबारका आधारमा वितरण गर्न बाँकी रहेको छ । नीति, कार्यक्रम र बजेट निर्माण गर्दा उपरोक्त तथ्यहरुलाई समेत विश्लेषण गरिएको छ ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

अब म आ.व. ०८२/८३ मा संस्थाले अबलम्बन गर्ने नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु । यो निर्माण गरि रहँदा माथि उल्लेख भएका तथ्य तथ्याङ्कहरु, साधारण सभा पूर्व भएको बिस्तारित मञ्चमा आएका सुझावहरु र अग्रजहरुबाट प्राप्त सुझावहरुलाई समेत मार्ग दर्शनको रुपमा लिएको छु ।

**१. शेयर सदस्यता नीति**

१. सदस्य हुन बाँकी निजामती कर्मचारी र सदस्य परिवारलाई सदस्यता प्रदान गर्ने नीतिलाई यथावत राख्ने ।

२. निजामती कर्मचारीको सदस्यता माग फारममा संस्थागत सिफारिस हुनुपर्ने ।

३. अन्य जिल्लाका कार्यरत कर्मचारीको हकमा त्यो जिल्लाको राष्ट्रसेवक सहकारी वा संस्थागत सिफारिस हुनुपर्ने ।

४. शेयर खरिद नियमित वचत गर्ने र संस्थाको नीतिनियमहरु पूर्ण रुपमा पालन गर्ने प्रतिवद्धता हुनुपर्ने ।

५. संस्थाको कार्य क्षेत्रमा स्थायी बसोवास वा कार्यरत भएका निजामती कर्मचारी र निजको परिवारलाई सदस्यता दिन प्राथमिकता दिने ।

६. युवा सदस्य विस्तारको लागि संघ, प्रदेश र स्थानीय तहका कार्यालयसँग समन्वय गर्ने ।

७. संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कम्तीमा १०० जना निजामती कर्मचारीलाई शेयर सदस्य बनाउने गरी कार्ययोजना बनाउने ।

८. सदस्य बन्न नियमपूर्वक स्वःघोषणा सहित निवेदन दिने, निवेदन स्वीकृत भए पछि एकदिने पूर्व सहकारी शिक्षा लिएपछि सदस्यता प्रदान गर्ने ।

९. राष्ट्रसेवाका क्षेत्रमा क्रियाशिल वा क्रियाशिल भई अवकाश प्राप्त राष्ट्रसेवकहरुलाई औचित्यको आधारमा सञ्चालक समितिले निर्णय गरी सदस्यता प्रदान गर्न सकिने ।

**२. शेयर नीति**

कूल सम्पत्तिको आकारको आधारमा शेयर पूँजी सम्बन्धी नीति निर्माण गर्नुपर्ने भएको र हाल कूल सम्पत्तिको १२.५९ प्रतिशत रहेको छ । शेयर पूँजीको लागि निम्न नीति अवलम्वन गर्ने ।

१. सामान्यतः सदस्य बन्दा कम्तिमा १०० कित्ता शेयर खरिद गर्न अनुरोध गर्ने ।

२. शेयर सदस्यलाई आफ्नो सेयर रकम ५० कित्ताले भागजाने बनाउने गरी वृद्धि गर्न अनुरोध गर्ने, सो अनुसार शेयर वृद्धी तथा मिलान गर्न संस्थाले क्रमागत वचतवाट रकम झिकी मिलान गर्न सक्ने ।

३. १०० शेयर पुऱ्याउन १०० शेयर नपुगेका शेयर सदस्यको आ.व. २०८१/८२ मा प्राप्त हुने लाभांश र संरक्षित पूँजीकोषको रकम शेयरमा मिलान गर्ने ।

४. एक सदस्यले अधिकतम ५००० (पाँच हजार) कित्तासम्म मात्र शेयर खरिद गर्न पाउने नीति यथावत राख्ने ।

### ३. जगेडा कोष

१. आ.व. ०८१/८२ मा संस्थाको जगेडा कोष रु. ३,७५,४४,३५२.३४ सहित कोष हिसाव जम्मा रु.४,९९,७२,०४३.३१ रहेको छ । आर्थिक मेरुदण्डको रुपमा रहेको शेयर जगेडा कोष कुल कोष हिसावको ७५.१३ प्रतिशत रहेको छ । यसलाई वृद्धी गर्न थप प्रयत्न गर्ने ।

२. नयाँ सदस्य (५ वर्ष कारोवार गर्ने बालबचत बाहेक) बाट रु.२,०००.०० जगेडा कोष अनुदानका लागि अनुरोध गर्ने ।

३. संस्थालाई प्राप्त हुने संस्थागत अनुदानलाई यस शीर्षकमा राख्ने ।

### ४. निक्षेप

१. हाल कूल सम्पत्तिमा बचत ७७.४३ प्रतिशत रहेको छ ।

२. निक्षेप लिने प्रकृया यथावत राख्ने ।

३. क्रमागत बचत खातामा मासिक न्यूनतम रु. ५००.०० देखि माथि जम्मा गर्न प्रोत्साहित गर्ने र विशेष परिस्थितिमा बाहेक उक्त खाताको न्यूनतम मौज्दात रु.४०,०००.०० कायम गर्ने नीति राख्ने, क्रमागत बचतलाई नियमित गर्न विशेष प्रयत्न गर्ने ।

४. क्रमागत बचतको नियमिततालाई शेयर सदस्यले पाउने अन्य सेवा तथा सुविधासँग जोड्ने ।

५. सहकारी नियमन प्राधिकरणको एकिकृत निर्देशन, २०८२ अनुसार रही अधिकतम् तिन बर्षे आबधिक बचत स्वीकार गर्ने ।

६. आवधिक बचतको म्याद समाप्त भएपछि स्वतः निजको वचत खातामा जम्मा हुने व्यवस्था गर्ने, अक्षयकोष बचत खातालाई निरन्तरता दिने ।

७. क्रमागत बचतलाई नियमित गर्न सदस्यलाई उत्पेरित गर्ने,

८. बचतको व्याजदरलाई समसामयीक बनाउने ।

### ५. बाह्य कर्जा

१. संस्थालाई आवश्यकता भएमा अन्य निकायबाट ऋण लिने नीतिलाई यथावत राख्ने ।

२. संस्थासँग तरलता भई अन्य संस्थाको माग अनुसार ऋण दिँदा ऋण माग गर्ने संस्थाको कारोबारको आधार र विश्वसनीयतालाई समेत हेरी पूँजीकोषको २० प्रतिशतमा नबढ्ने गरी ऋण उपलब्ध गराउन सकिने ।

३. संस्थालाई ऋण दिँदाबचतको लागतमा नघट्ने गरी आपसी सम्झौता, अवधि र उद्देश्यअनुसार ब्याजदर निर्धारण गर्न सकिने ।

### ६. परिवार राहत कोष

१. संस्थाले वार्षिक रुपमा भएको नाफाबाट निर्णय बमोजिम रकम कोषमा छुट्याउने,

२. नयाँ सदस्य बन्दा लिने रकम रु.५००.०० यथावत लिने ।

३. शेयर सदस्यको मृत्यू भएमा परिवार राहत स्वरुप रु.१५०००.०० दिने ।

४. सदस्य बनेको एक वर्ष पुरा भएका र नियमित कारोबार गर्ने महिला शेयर सदस्य सुत्केरी भएमा दुई बच्चासम्म रु.५०००.०० पोषण खर्च दिने सोको लागि जन्मदर्ता प्रमाणपत्र राखी दुई महिनाभित्र निवेदन दिनु पर्ने ।

५. कडा रोग लागि उपचार गराई रहेका विरामी शेयर सदस्यलाई भेट गरी संस्थाले सहयोग स्वरुप रु.७०००/- सहित शिघ्र स्वास्थ लाभको कामना गर्ने ।

६. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत सदस्य बनेको तीन वर्ष पुरा भएका ७५ वर्ष नाघेका एक वर्षदेखि संस्थाको आर्थिक कारोबारमा नियमित संलग्न भएका शेयर सदस्यहरुलाई ज्येष्ठ सदस्य सम्मान अन्तर्गत औषधी उपचार खर्च वापत वार्षिक २०००.०० दिने कार्यलाई यथावत राख्ने ।

**७. व्यवसाय**

१. ग्याँस कारोबार सदस्यहरुको आवश्यकतासँग जोडिएको कारोबार भएको, संस्थाले नाफाको निश्चित रकम ग्याँस कारोबार गर्ने सदस्यलाई दिने नीति अवलम्बन गरेको, बजारमा ग्याँसको अभाव भएको समयमा समेत संस्थाले ग्याँस उपलब्ध गराउने गरेको र संस्थाले सञ्चालन गरेको कारोबारलाई प्रवर्द्धन गर्नु सदस्यको दायित्व र जिम्मेवारी भएको हुँदा विराटनगर र आसपासका क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण शेयर सदस्यहरुलाई यस संस्थाबाट ग्याँस कारोबार गर्न अनुरोध गर्ने ।

२. संस्थाबाट ग्याँस लाने सदस्यहरुको वर्ष भरीको कारोबार हिसाव गरी ग्याँस कारोबारको आम्दानी रकमबाट शेयर सदस्यलाई ढुवानी भाडा वापतको रकम फिर्ता गर्ने व्यवस्थालाई यथावत गर्ने प्रस्ताव गरेको छु ।

३. ग्यास ढुवानी वापत भुक्तानी हुने रकम ग्यास कारोवारको आम्दानीबाट एक सय सिलिण्डर मासिक न्यूनतम् ८०००.०० एक सय सिलिण्डर भन्दा माथिको प्रति सिलिण्डर रु.६५.०० खर्च गर्ने प्रस्ताव गरेको छु । ग्यास कारोवारको विवरण, आम्दानी खर्चको विवरण अनुसूचीमा पेस गरेको छु । यस वर्ष कम्तीमा ४००० थान ग्याँस विक्री गर्ने लक्ष्य प्रस्तुत गर्दछु ।

४. अन्य कारोबार गर्न सम्भाव्यता अध्ययन गर्ने प्रस्ताव गरेको छु ।

**८. लगानी हिसाव**

१. संयुक्त लगानीको क्षेत्र पहिचान भई लगानीको आव्हान भएमा छलफल गरी शेयर पुँजीको १०% सम्म लगानी गर्न सकिने ।

२. विराटनगर १९ स्थित संस्थाको जग्गालाई व्यवसायिक बनाउने कार्ययोजना पेश गर्न एक कार्यदल बनाई सम्भाब्यता अध्ययन गर्ने र कार्यदलले दिएको प्रतिवेदन बमोजिम योजना निर्माण गर्ने प्रस्ताव गरेको छु ।

३. अनुत्पादक लगानीमा रहेका केहि लगानीहरु फिर्ता भएको छ । बाँकी लगानीलाई फिर्ता ल्याउन प्रयत्न गर्ने ।

**९. ऋण लगानी तथा असुली**

**क) ऋण लगानी**

कुल सम्पत्तिमा ऋण लगानीको अंश ६२.४४ प्रतिशत रहेको छ । गत वर्षको ऋण लगानी नीतिलाई यथावत राखी तपशिल वमोजिम गर्ने प्रस्ताव गरेको छु ।

१. साधारणतया एक शेयर सदस्यलाई ऋण लगानीको सिमा ३० लाखलाई कायम राख्दै सदस्यले संस्थामा गरेको कारोवारको अवस्था, ऋण फिर्ता गर्न सक्ने क्षमता, फिर्ताको अवस्था र संस्थामा तरलताको स्थिति समेत हेरी सञ्चालक समितिले निर्णय गरेमा प्रति शेयर सदस्य रु. ५० लाख र एक परिवारमा एक करोडसम्म ऋण प्रदान गर्न सकिने नीति यथावत राख्ने ।

२. परियोजना सञ्चालन गर्न शेयर सदस्यलाई पुँजीको आवश्यकता भई माग भएकोमा पर्याप्त धितो र ऋण फिर्ता गर्न सक्ने सामर्थ्य र तरलतालाई समेत हेरी सञ्चालक समितिले विशेष निर्णय गरी प्राथमिक पुँजीकोषको १५ प्रतिशतमा नबढ्ने गरी रु. एक करोडसम्म लगानी गर्न सकिने, एक वर्षमा बढीमा पाँच शेयर सदस्यलाई मात्र परियोजना सञ्चालनका लागि यस्तो ऋण लगानी गरिने ।

३. ऋण लगानी गर्दा 5C (क्षमता, पुँजी, धितो, अवस्था र व्यक्तित्व)लाई मुख्य आधार बनाइने छ ।

४. धितो मूल्याङ्कन तथा कर्जा अनुगमन उप-समितिले सिफारिस गरेको ऋण लगानी योग्य रकमलाई सम्बन्धित मालपोतमा धितोबन्धक रोक्का राख्ने, सञ्चालक समितिको वैठकबाट निर्णय तथा अनुमोदन गरी/गराई लगानी गर्ने कर्जाको २ वर्ष देखि ५ वर्ष सम्म म्याद कायम गरी संस्थामा छुट्टै तमसुक गरी प्रतिवर्ष ०.२० प्रतिशत ऋण सिमा शुल्क लिई ऋण सिमा कायम गर्ने र शेयर सदस्यको आवश्यकता बमोजिम ऋण सिमा भित्र एकै पटक वा पटक पटक गरी ऋण लगानी गर्ने । शेयर सदस्यको आवश्यकता, नीजले गरेको कारोबारको अवस्था र उदेश्य अनुसारको कार्यमा लगानी गरेको देखिएमा

बढीमा ५ वर्ष नियमानुसारको लिमिट शुल्क लिई नयाँ तमशुक गरी सोही ऋण फाइलबाट पुनः ऋण लगानी गर्न सकिने । सेयर सदस्यले स्विकृत सिमा र अवधी भित्र ऋण लिएर फिर्ता गरेको रकम पूनः आवश्यक भई माग गरेमा उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिने प्रस्ताव गरेको छु ।

५. संस्थाले लगानी गरेका ऋणहरुबाट कति उद्यमशिलता, उत्पादन र रोजगारीको विकास भएको छ, अध्ययन गरी थप योजना निर्माण गर्ने प्रस्ताव गरेको छु ।

६. संस्थाको मुख्य आयश्रोतको रुपमा रहेको ऋण लगानीलाई सदस्यको आयआर्जन कार्यक्रममा जोडी उपयोग तथा सम्पत्ति खरिद भन्दा उत्पादनमूलक कार्यमा लगानी गर्न प्राथमिकता दिने ।

७. सञ्चालन भएका लगानी प्रकृया शीर्षक यथावत राखी बिनाधितो ऋण लगानीलाई निरुत्साहित गर्ने ।

८. हायरपर्चेज ऋण अन्तर्गत मोटरसाइकल र स्कुटर खरिद गर्न अधिकतम पाँच लाखसम्म लगानी गरिने । तीस प्रतिशत अग्रिम भुक्तानी अनिवार्य गर्नुपर्ने । अन्य व्यवस्था यथावत हुने ।

९. हायरपर्चेज ऋण लगानी गर्दा परलमूल्य (भ्याट सहित)को ३०% नगद जम्मा गर्ने, सवारी साधन संस्थाको नाममा नामसारी गर्ने, सवारी साधन पास गर्न वा नामसारीका लागि जाने आउने खर्च रकम रु. १०००. लिने,

१०. ऋण अबधिभर सवारी साधनको पूरा बिमा गर्ने ।

११. प्रत्येक वर्ष बिमा गरी संस्थामा कागजात राख्ने, यदि कुनै ऋणी सदस्यले बिमा नगरेमा संस्थाले आफैं बिमा गरी ऋणमा जोड्ने गरी सम्झौता गर्ने ।

१२. स्थायी सम्पत्तिको मूल्याङ्कन गरी संस्थाको नियमानुसार मार्जिन कट्टा गरी जग्गा रोक्का राखी लगानी गरिने ।

१३. सहकारी नियमन प्राधिकरणको मापदण्ड अनुसार कुल लगानीको कम्तीमा ५० प्रतिशत लगानी गर्नुपर्ने क्षेत्र कृषि, उद्योग, व्यापार, व्यवसाय जस्ता उत्पादनमूलक क्षेत्र संचालन गर्न शेयर सदस्यले फर्म/संस्था दर्ता गरी ऋणको माग गरेमा सञ्चालक समितिले अध्ययन गरी आ.व. ०८२/८३ मा एकजनालाई बढीमा ७५ लाखसम्म ऋण लगानी गर्ने । उक्त ऋणमा अन्य ऋणमा भन्दा दुई प्रतिशतसम्म ब्याज कम लिने ।

१४. शिक्षा र औषधी उपचारका लागि लिने ऋणमा प्रमाण पेश गरेमा एक जनालाई बढीमा १५ लाख र यस शीर्षकमा कुल ऋण लगानी एक/एक करोड गर्ने । उक्त ऋणमा अन्य ऋणमा भन्दा दुई प्रतिशत ब्याज कम लिने ।

१५. शिक्षा कर्जाको लागि शुरुमा नैं आवश्यक कागजात राखी ऋण माग गर्नु पर्ने, विद्यार्थीको भर्ना गर्ने तथा फि तिर्ने किस्ता कायम गरी भूक्तानी दिने, धितोको हकमा जायजेथा राख्ने, जायजेथा संस्थामा नै राखी ऋण लिइरहेको भए सोलाई नै धितोको आधार मानी प्रमाणका आधारमा शिक्षा ऋणमा सार्न सकिने ।

१६. घर समेत धितो राखी ऋण लिंदा दशलाख भन्दा बढी घरतर्फको मूल्यांकन भएमा घरको बिमा गर्ने व्यवस्थालाई निरन्तरता दिने ।

१७. वित्तीय बजारमा हुने उतारचढाव र परिस्थितिलाई हेरी संस्थाले लिनुपर्ने नीतिका सम्बन्धमा निरन्तर अध्ययन गरी प्राप्त सुझावका आधारमा नीति निर्माण गरिनेछ ।

१८. लगानीको क्षेत्र खोजी अन्य क्षेत्रमा समेत लगानी गर्न प्रयत्न गर्ने ।

१९. धितो ऋण लगानी गर्दा अधिकतम मूल्याङ्कित रकमको धितो बन्धक पास वा रोक्का मात्र गरी सोको ४० देखि ६० प्रतिशतसम्म लगानी गर्न सकिने र शेयर सदस्यले थप ऋण माग गरेमा भाखा अवधिभित्र पुनः मूल्याङ्कन गरी ऋण सिमा थप गर्न सकिने ।

२०. पर्याप्त अचल धितोमा ऋण कारोबार गरिरहेका शेयर सदस्यले तत्काल जरुरी भएको भनी थप ऋण माग गरेमा धितोको अवस्था र शेयर सदस्यको संस्थासँगको कारोबार हेरी ऋण लगानी तथा अनुगमन समितिको संयोजकको सिफारिसका आधारमा नियमानुसार लिमिट शुल्क लिई तीन लाखसम्म ऋण लगानी गर्न सकिने ।

२१. १० लाखभन्दा बढि ऋण लगानी गर्दा सदस्यले ऋण फिर्ता कार्ययोजना पेश गर्ने व्यवस्थालाई यथावत राख्ने,

२२. ३० लाख भन्दा बढी ऋण लगानी गर्दा संस्थामा सूचिकृत बाह्य मूल्यांकन कर्तासमेतको मूल्यांकनका आधारमा लगानी गर्ने ।

२३. हालको वित्तिय बजारको अवस्थामा तरलता बढ्ने र ऋण लगानी कम हुने अवस्था रहेको छ । स्वभावैले ऋण लगानी कम भएपछि सदस्यलाई दिने प्रतिफल समेत कम हुने अवस्था रहन सक्छ । सुरक्षित ऋण लगानी गर्दै शेयर सदस्यहरुको लगानी तथा बचतलाई उचित प्रतिफल दिन अधिकतम् प्रयत्न गरिने छ ।

**ख) ऋण फिर्ता नीति**

१. सदस्यले लिएको ऋणको साँवा तथा ब्याज लिंदा मौज्दात ऋणको दिन गन्तीको हिसाबले नियमित साँवा र ब्याज लिने । ४५ दिनसम्म साँवा ब्याज नियमित हुन आएमा कुनै किसिमको विलम्ब शुल्क नलिने ।

२. ४६ दिनदेखि तालिका अनुसार बिलम्ब शुल्क समेत लिने ।

| समय | साँवा फिर्ता र क्रमागत बचत जम्मा हुँदा | |
|---|---|---|
| | ब्याज | विलम्ब |
| १-४५ दिन | ११ % | नलाग्ने |
| ४६-९० दिन | ११ % | १ % |
| ९१-१३५ दिन | ११ % | १.५ % |
| १३६-१८० दिन | ११ % | २ % |
| १८१-२२५ दिन | ११ % | २.५ % |
| २२६-२६० दिन | ११ % | ३ % |
| २६१-३०५ दिन | ११ % | ३.५ % |
| ३०६-३६५ दिन | ११ % | ४ % |
| ३६६ देखि माथि | ११ % | ५ % |

३. ऋण लगानी गर्दा फिर्ता गर्न सक्ने क्षमता, ऋण रकम, ऋण सिमा समेतको आधारमा निश्चित अवधि (ग्रेस पिरियड) पछि किस्ता कायम गर्न सकिने व्यवस्थाका लागि प्रस्ताव गरेको छु ।

४. ब्याज बुझाउँदा क्रमागत बचत समेत अनिवार्य लिने व्यवस्था गर्ने ।

५. ऋण नियमित गर्न विलम्ब गर्ने ऋणी सदस्य नियमित गर्न निरन्तर ताकेता गर्ने ।

६. एक वर्षसम्म साँवा तथा ब्याज नियमित नगर्ने सदस्यको प्रचलित कानून अनुसार असुली प्रकृया अपनाई ऋण असुल गर्ने ।

७. हायरपर्चेज ऋणको मासिक ब्याज तथा तोकिएको किस्ता तथा बिमा अनिवार्य गर्ने ।

८. हायरपर्चेज ऋणको तोकिएको किस्ता र ब्याज लगातार तीन महिनासम्म नबुझाएमा गाडी संस्थाले लिई अन्यत्र विक्री वितरण गरी ऋण असुल गर्न सक्ने ।

९. नियमित ऋण कारोबार गर्ने शेयर सदस्यहरुका लागि प्रोत्साहनका कार्यहरु गरिनेछ ।

१०. तोकिएको भाखा अवधि समाप्त भएपछि ऋण चुक्ता नभएको अवस्थामा पुनः थप अवधिको लागि ऋण सिमा शुल्क नबुझाएमा थप १ प्रतिशत ब्याज लिने र असुलीका थप कार्यहरु गर्ने व्यवस्था हुन प्रस्ताव गरेको छु ।

११. ऋण लगानी तथा असुली सम्बन्धी अन्य व्यवस्था ऋण लगानी तथा असुली कार्यविधि २०८२ बमोजिम हुनेछ ।

**(ग) लिने दिने ब्याजदर**

संस्थाले लिने दिने ब्याजदर अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

## १०. बोनस तथा संरक्षित पुंजीफिर्ता कोषको रकम वितरण

१. शेयर बोनस कोषमा रहेको रु. ६,९२,०१०.१७ रकम शेयर सदस्यहरुको शेयरको आधारमा बोनस उपलब्ध गराउने,

२. संरक्षित पुंजी फिर्ता कोषमा रहेको रु. ४,१४,६७५.३२ लाई ४० प्रतिशत बचतमा प्राप्त गरेको ब्याज र ६० प्रतिशत भाखा ननघाई तिरेको असल कर्जाको ब्याजलाई आधार मानी सदस्यको बचत खातामा जम्मा गर्ने ।

३. कर्मचारी बोनसकोषमा रहेको रकम कर्मचारीहरुलाई भूक्तानी गर्ने ।

## ११. सहकारी अध्ययन तथा सूचना केन्द्र सञ्चालन

१. सहकारी अध्ययन तथा सूचना केन्द्र सञ्चालन निर्देशिका बनाई कार्यान्वयन गर्ने ।

२. प्रदेश भरीका सहकारीहरुका तथ्यांक संकलनको शुरुवात गर्ने ।

३. सहकारीहरुका वार्षिक विवरणहरु संकलन गरी व्यवस्थित गर्ने ।

४. सहकारी सम्बन्धी अध्ययन सामग्रीहरु संकलन र व्यवस्थित गर्ने ।

५. देश भरीका राष्ट्रसेवक सहकारीहरुको तथ्यांक संकलन गरी व्यवस्थित गर्ने ।

६. प्रदेश र स्थानीय तहसँग समन्वय गरी सहकारी सम्बन्धी तालिम, गोष्ठी, भेलाहरुको आयोजना गर्ने ।

## १२. भवन निर्माण

भवन निर्माणको तेश्रो तलासम्मको निर्माण कार्य सम्पन्न भएको छ । भवनको डिजाइन अनुसार अन्तिम तथा चौथो तला र लिफ्ट तथा सिंडि छोप्ने गरी ढलानको काम सम्पन्न गरिएको छ । चौथो तला र माथि (छत)को भाग फिनिसिङको काम (लिफ्टको काम बाहेक) यसै आ.व.मा सम्पन्न गर्न भवन निर्माण कोषमा रहेको रकम तथा संस्थागत पूँजीबाट संन्चालक समितिवाट प्राथमिकता निर्धारण र आवस्यक प्रकृया अपनाई निर्माण सम्पन्न गर्न प्रस्ताव गरेको छु । भवन निर्माणको कार्य सम्पन्न गर्नु पर्ने भएकोले घरभाडा वापतको आम्दामी रकममा बहाल कर सम्वन्धित निकायमा बुझाइ बाँकी रकम भवन निर्माण कोषमा जम्मा गरी भवन निर्माणको काममा खर्च गर्ने प्रस्ताव गरेको छु ।

## १३. अनलाइन सफ्टवेयर सञ्चालन

१. अनलाईन सफ्टवेयरको माध्यमबाट संस्थाको कारोबार सञ्चालन गर्न शुरुवात गरिएको र सदस्यहरुले गरेका कारोवारहरुको एस.एम.एस. सेवा प्राप्त गरि रहेको, संस्थावाट उपलब्ध हुँने सदस्य पहिचान विवरण (KYM) र मोवाइल एप्लीकेशन संचालन फाराम भरेर मोवाईल एप्स प्रयोग गरी आफ्नो नाममा रहेको संस्थाका सम्पूर्ण खाताहरुको विवरण हेर्ने, बचत खाताबाट मोवाइल टपअप, क्यु.आर. स्क्यान पे, टेलिफोन, विद्युत, खानेपानी, इन्टरनेट महशुल भुक्तानी, संस्थाको बचत खाताबाट बैंकमा फण्ड ट्रान्स्फर गर्ने जस्ता सेवा प्रदान गरिरहेको छ । राष्ट्रसेवक मोफिन मोवाइल एप्सलाई अझै सुरक्षित र व्यवस्थित गर्दै आवश्यक र शेयर सदस्यहरुको सहजताका लागि उपलब्ध हुने सेवाहरु थप गर्दै जाने हुँदा संस्थामा सम्पर्क राखी मोवाइल एप्स सेवा लिन सवै शेयर सदस्यहरुमा हार्दिक अनुरोध गर्दछु ।

२. अनलाईन कारोबार र मोवाईल एप्लिकेशनको प्रयोगलाई थप सुरक्षित व्यवस्थित गर्न संचालन निर्देशिका निर्माणको काम भई रहेकोले निर्देशिका निर्माण सम्पन्न गरी व्यवस्थित गर्ने ।

३. सहकारी संस्थाका विभिन्न सूचना, वित्तिय विवरण, संचालक तथा कर्मचारी विवरण, शेयर सदस्य वडापत्र जस्ता कुराहरुलाई संस्थाको डिजिटल डिस्प्ले बोर्डबाट सूचना प्रवाह गर्ने ।

४. प्रविधिमा सहकारी अन्तरगत अधिकांश शेयर सदस्यलाई मोवाइल एप्स संचालनको जानकारीमूलक कार्यक्रमहरु निरन्तर गर्ने

५. सहकारीमा हुने कारोबारहरु अनलाईनमार्फत गरी पेपरलेस गर्दै जाने नीति अनुरुप ब्याकअप व्यस्थापनलाई व्यवस्थित गर्ने

६. सदस्यले गरेका कारोबारहरुको एस.एम.एस. लगायतका सेवालाई व्यवस्थित गर्दै लैजाने व्यहोरा अनुरोध गर्दै उक्त सेवा प्रदान गर्न शेयर सदस्यहरुले प्राप्त गर्ने शेयर बोनस र संरक्षित पुंजी फिर्ता कोषबाट रु.१०० का दरले जम्मा गर्ने साथै मोवाइल एप्स सञ्चालन रजिष्ट्रेशनका लागि रु.२०० लिने । नियमित

एप्स सञ्चालन गर्ने शेयर सदस्यहरुले बोनस र संरक्षित पुँजी फिर्ता कोषबाट प्राप्त गर्ने रकमबाट रु.१५० का दरले जम्मा गरी स्वतः नविकरण हुने नीतिलाई यथावत गर्ने ।

७. अनलाइन सफ्टवेयर, मोवाइल एप्लिकेशन र एस.एम.एस सेवालाई व्यवस्थित गर्न निर्देशिका निर्माण गरी लागु गर्ने ।

८. सफ्टवेयरहरु संचालन सम्बन्धी अन्य नीतिहरुलाई यथावत राख्ने ।

**१४. अन्य व्यवस्थापन**

संस्थाको दैनिक नियमित कारोबार भएका प्राप्ती भूक्तानी र लगानीका भौचर तथा प्रतिवेदनहरु प्रमाणित गर्ने, नियमित संस्थामा उपस्थित भई नीति निर्माण सम्बन्धि कार्यहरु गर्नुपर्ने, धितो मूल्याङ्कन, ऋण अनुगमन, सहकारी अध्ययन तथा सूचना केन्द्रको सञ्चालन, बचत परिचालन, शेयर सदस्यहरुमा उद्यमशिलताको विकास, अनलाइन प्रणालीबाट भएका कारोबारहरुको अनुगमन गर्ने, आवश्यक निर्देशन गर्ने, चेकमा दस्तखत गर्ने लगायतका दैनिक व्यवस्थापकीय कार्यहरुमा संस्थामा उपस्थित भई नियमित काम गर्नुपर्ने हुँदा त्यस्तो कामको जिम्मेवारी प्राप्त गर्ने सञ्चालक पदाधिकारीहरुलाई दिँइदै आएको व्यवस्थापन खर्चलाई यथावत गर्ने तथा सञ्चालक समितिको वैठकमा सहभागी हुने सञ्चालक समितिका पदाधिकारी, सल्लाहकार, लेखा सुपरिवेक्षण समितिलाई प्रति वैठक दिइने वैठकभत्ता तथा अन्य समिति उपसमितिका सदस्यहरुलाई बैठकमा उपस्थित भए वापत दिईने खर्चको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**१५. कर्मचारी प्रशासन**

१. कर्मचारीहरुको क्षमता विकासका लागि अघिल्लो आ.व.मा भएको तलबभत्ता खर्चको दुई प्रतिशतले हुने रकम बजेटमा व्यवस्था गरेको छु ।

२. मासिक रुपमा दिइँदै आएको प्रोत्साहन खर्च २०८२ श्रावणदेखि अनुसूचीमा उल्लेखित मापदण्डका आधारमा यथावत दिन प्रस्ताव गरेको छु ।

३. महँगीभत्ता नपाएका कर्मचारीलाई २०८२ श्रावण देखि लागु हुने गरी रु.१५००/- र महँगीभत्ता पाइरहेका कर्मचारीको हकमा रु १५०० थप गर्न प्रस्ताव गरेको छु ।

४. गत आ.व.को कर्मचारी बोनसकोषबाट कर्मचारीहरुलाई एक महिनाको तलब बराबर बोनस उपलब्ध गराउन प्रस्ताव पेश गरेको छु ।

५. कामको वर्गिकरण सहित कर्मचारीहरुलाई तहगत प्रणालीमा लगि दरबन्दी समायोजन गर्न कार्यदल बनाई कार्यदलले दिएको प्रतिवेदन अनुसार मिलान गर्न संचालक समितिलाई अधिकार प्रदान गर्न प्रस्ताव गरेको छु ।

**१६. सामाजिक तथा साँस्कृतिक**

१. राष्ट्रसेवक ज्येष्ठ नागरिक समाजसँग समन्वय गरी जेष्ठ नागरिकसँग सम्बन्धित कार्यक्रमहरु गर्ने ।

२. यस संस्थाका ज्येष्ठ सदस्यहरुलाई संस्थाले तोकेको नजिकको धार्मिक र पर्यटकीय स्थलको भ्रमण गराउने व्यवस्था गर्ने ।

३. नेपाल निजामती कर्मचारी संगठनसँग सहकार्य गरी तीज, बनभोज र अन्य चाडपर्वहरु मनाउने ।

४. स्थापना दिवस तथा सहकारी दिवसहरु मनाउने ।

५. मासिक रुपमा सञ्चालन भई रहेको साहित्य, सिर्जना र सम्बाद कार्यक्रमलाई यथावत रुपमा गर्ने ।

६. उपयुक्त समयमा विशेष कार्यक्रमको आयोजना गरी श्रष्ठा सम्मान, पुरस्कार वितरण गर्ने ।

७. मोरङ जिल्लामा बसोबास गर्नुहुने ९० वर्ष भन्दा माथिका शेयर सदस्य र शेयर सदस्यका बुवा आमालाई संस्थाको तर्फबाट भेट गरी उहाँका अनुभवहरु सुन्ने, रेकर्ड गर्ने र त्यसलाई सम्पत्तिको रुपमा व्यवस्थित गर्ने कार्यको शुरुवात गर्ने प्रस्ताव गरेको छु । यसका लागि उक्त उमेर पुग्नु भएका शेयर सदस्य वा परिवारका सदस्यहरुले संस्थामा जानकारी गराई दिनुहुन अनुरोध छ ।

८. शेयर सदस्यहरुका बिचमा विशेष साँस्कृतिक कार्यक्रम गर्ने ।

९. यस संस्थाको सहयोगमा उद्योग व्यापारको क्षेत्रमा वा अन्य क्षेत्रमा उल्लेखनिय उपलब्धि हासिल गर्ने शेयर सदस्यलाई सम्मान गर्ने र उहाँका सफलताका कथाहरुलाई रेकर्ड गरी संस्थाको सम्पत्तिको रुपमा विकास गर्ने कार्यको शुरुवात गर्ने प्रस्ताव गरेको छु ।

## १७. तालिम, शिक्षा र सूचना

१. महिला तथा यूवा शेयर सदस्य लक्षित शशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।
२. कर्मचारी तथा व्यवस्थापन पक्षका व्यक्तिहरुलाई समयानुकूल (सहकारी, लेखा, पल्स विश्लेषण, कम्प्यूटर, अनलाईन सफ्टवेयर आदि) तालिम दिई दक्षता अभिबृद्धि गर्ने ।
३. संस्थाको रणनीतिक योजना निर्माण गर्ने ।
४. सदस्यहरुलाई सहकारी शिक्षा उपलब्ध गराउने ।
५. लामो समय राष्ट्रसेवामा विताएर अवकाश हुनुभएका शेयर सदस्यहरुको लागि उहाँहरुले सिकेको ज्ञानलाई समेत उपयोग गर्ने उद्देश्यले उद्यमशिलता तालिमहरु सञ्चालन गरिनेछ ।
६. महिला शेयर सदस्यहरुका लागि क्षमता विकासका कार्यक्रमहरु, उद्यमशिलता तालिमहरु सञ्चालन गर्ने प्रस्ताव गरेको छु । सोको लागि के कस्ता कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ राय, सल्लाह र सुझावको अपेक्षा गरेको छु ।
७. शेयर सदस्यका सन्ततिहरुका लागि उत्प्रेरणात्मक कार्यक्रमहरु गर्ने ।
८. निजामती सेवामा प्रवेश गरेका नवप्रवेशी कर्मचारीहरुका उत्प्रेरणात्मक कार्यक्रमहरु गर्ने ।
९. शेयर सदस्यहरुलाई संस्थाको वेवसाइट, अनलाइन सूचना, एस.एम.एस., फेसबुक पेज, सूचना पाटी ( डिस्प्ले बोर्ड), मोवाइल एप्स मार्फत नियमित सूचनाहरु सम्प्रेषण गर्ने ।
१०. विभिन्न प्रकृतिका सहकारीहरुसँग संस्था सञ्चालनको प्रकृया, सहकारी सञ्चालनमा देखिएका साझा समस्या, चुनौती र सम्भावनाका बारेमा छलफल गर्न एकदिवसीय प्रदेश स्तरीय कार्यक्रमको आयोजना गर्ने ।
११. उद्घोषण, ग्याँसको प्रयोग, तरकारी खेती, योग तथा ध्यान, स्वास्थ्य सचेतना जस्ता तालिमहरु सञ्चालन गर्ने ।
१२. शेयर सदस्यहरुको सामूहिकता, हार्दिकतालाई अभिबृद्धि गर्दै अनुभवहरु आदानप्रदान गर्ने उद्देश्यले विगतदेखि सञ्चालन गर्दै आएको लागत सहभागितमा हुने अवलोकन भ्रमणलाई परिमार्जन सहित व्यवस्थित गर्ने ।
**१३.** उपरोक्त तालिम, कार्यक्रमहरु सञ्चालन गर्दा साधारण सभाबाट स्वीकृत बजेट, सहकारी शिक्षा कोष र सामुदायिक विकास कोषबाट समेत लागत अनुमान तयार गरी खर्च गर्ने प्रस्ताव गरेको छु ।

## १८. विविध

१. साधारण सभामा दिइने परिवहन खर्च रु.११७७ मा १५ प्रतिशत कर कट्टा गरि रु.१००० उपस्थित हुने सदस्यलाई सोही दिन वितरण गर्ने,
२. वित्तीय बजारको अध्ययन गरी बजारको अवस्था अनुसार लिनेदिने ब्याजदरलाई तीन प्रतिशतसम्म तलमाथि गर्ने अधिकार सञ्चालक समितिलाई प्रदान गर्न प्रस्ताव गरेको छु ।
३. प्लस टु मा उत्कृष्ट अङ्क ल्याउने सदस्यका छोराछोरी तथा सदस्यमध्ये विज्ञान संकायबाट एक जना र अन्य संकायबाट एक जनालाई पुरस्कृत गर्ने कार्यक्रम यथावत राख्ने,
४. स्नातक, स्नातकोत्तर र विद्यावारिधी गर्ने सदस्य तथा नीजका छोराछोरीलाई सम्मान कार्यक्रम यथावत राख्ने,
५. राष्ट्रिय सहकारी नियमन प्राधिकरण तथा सहकारी विभागबाट प्राप्त निर्देशनहरु परिपालना गर्न तथा संस्थाको कामलाई व्यवस्थित, पारदर्शी, मितब्ययी र छिटोछरितो बनाउन निर्माण तथा परिमार्जन भएका निम्न कार्यविधिहरु स्वीकृतिका लागि पेश गरेको छु ।
   १. बचत संकलन तथा परिचालन कार्यविधि, २०८२
   २. ऋण लगानी तथा असुली कार्यविधि, २०८२
   ३. आर्थिक प्रशासन कार्यविधि, २०८२
   ४. आन्तरिक नियन्त्रण कार्यविधि, २०८२

५. सहकारी अध्ययन तथा सूचना केन्द्र संचालन कार्यविधि, २०८२
६. लेखा नीति, २०८२

(उपरोक्तानुसारका कार्यविधिहरु विस्तारित मञ्चमा छलफल भई अध्ययन तथा सुझावका लागि शेयर सदस्यहरुले उपलब्ध गराउनु भएको इमेल मार्फत पठाईएकोमा सेयर सदस्यवाट प्राप्त सुझाव समेत समेटिएको)

६. शेयर सदस्यहरु मध्ये यस अघि ज्येष्ठ सदस्य सम्मान प्राप्त गर्ने सदस्य बाहेक मध्येबाट संस्थाको कारोबारमा नियमित सवैभन्दा ज्येष्ठ सदस्य एक जनालाई दिँइदै आएको सम्मान यथावत रुपमा गर्ने

७. समुदाय तथा वातावरण प्रतिको चासोलाई कार्यान्वयन गर्न स्वास्थ्य सेवा सञ्चालन, केयर गिभर तालिम, ज्येष्ठ नागरिक सम्मान, आवास ग्रामको सम्भाव्यता अध्ययन, रक्तदान कार्यक्रम, फरक क्षमता भएका र बृद्धाश्रममा रहेका समुदायसँग सहकार्यका कार्यक्रम, बृक्षारोपण, खुला साहित्य कार्यक्रम, श्रष्ठा सम्मान, गरिब तथा विपन्न विद्यार्थीहरुलाई विशेष शैक्षिक सपोट कार्यक्रम, पुष्पबाटिका निर्माण जस्ता कार्य गर्ने ।

८. संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, कर्मचारी तथा सदस्यहरुका लागि आचारसंहिता तयार गरी लागु गर्ने ।

९. विराटनगर भन्दा बाहिरका स्थानीयतहमा कार्यरत शेयर सदस्यको सूची तयार गर्ने, त्यस्ता सदस्यहरुसँगको छलफलबाट सदस्यता विस्तार, क्रमागत बचत र ऋण फिर्ता गर्ने सम्बन्धी सहजता प्रदान गर्न आवश्यक व्यवस्था मिलाउने ।

१०. नीति, कार्यक्रममा उल्लेख भएका कार्यक्रमहरुलाई कार्यान्वयन गर्न वार्षिक कार्ययोजना निर्माण र सोको कार्यान्वयन गर्ने व्यक्ति समेत तोकी जिम्मेवारी प्रदान गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

११. नेपाल निजामती कर्मचारी संगठनसँग समन्वय गरी नयाँ नियुक्ति वा सरुवा भई आउनु हुने निजामती कर्मचारीहरुसँगको सम्पर्क, सदस्यता प्रदान, संस्थाको सूचनाहरु आदानप्रदान लगायतका कार्यको लागि प्रत्येक स्थानीय तह, प्रत्येक मन्त्रालय र अन्य कार्यालयमा क्षेत्र तोकी विशेष पहल प्रयत्न गर्ने ।

१२. नवनिर्मित राष्ट्रसेवक भवनको बिमा गर्न प्रस्ताव गरेको छु ।

१३. वित्तिय बजारको अवस्था दृष्टिगत गर्दै लिने दिने ब्याजमा तीन प्रतिशतसम्म घटीबढी गर्ने अधिकार सञ्चालक समितिलाई प्रदान गर्न प्रस्ताव गरेको छु ।

१४. संस्थाको लेखा परीक्षण प्रतिवेदन प्रथम पटक मझौला निकायको लागि नेपाल वित्तीय प्रतिवेदन मान (एन.एफ.आर.एस फर एस.एम.ई)अनुसार तयार गरिएको हुँदा यस आ.व.को बजेट प्रस्तुत गर्दा सोही आधारमा गरिएको छ, आगामी प्रतिवेदनहरु सोही आधारमा व्यवस्थित गर्दै लगिने व्यहोरा अनुरोध गर्दछु ।

१५. सञ्चालक समितिबाट आ.व. ०८१/८२ मा गरेका निर्णयहरु अनुमोदन गरिदिनु हुन अनुरोध गर्दछु ।

१६. यस प्रतिवेदनमा उल्लेख गरिएका विषयहरु यसै बमोजिम र अन्य नीतिगत कुराहरु सञ्चालक समितिको निर्णय, स्वीकृत विनियम तथा गत साधारण सभाबाट पारित नीति अनुसार हुने गरी प्रस्ताव गरेको छु ।

१७. संस्थाको आ.व. ०८२/८३ को अन्तिम लेखापरिक्षण रजिष्टर्ड लेखापरीक्षक श्री पि. चौधरी एण्ड कम्पनी विराटनगर १२ बाट गराउन प्रस्ताव पेश गरेको छु । प्रचलित नियमानुसार तथा अन्य कारणले नीजले अन्तिम लेखा परीक्षण गर्न नसक्ने अवस्था भएमा सि.ए. के.पि.एन.एण्ड एशोशियट्स काठमाडौंबाट गराउने व्यवस्थाको लागि प्रस्ताव पेश गर्दछु ।

**१८.** गत आ.व. मा भएका कारोवार र संशोधित तथा प्रस्तावित वित्तीय विवरणहरु अनुसूचीमा उल्लेख गरिएको छ सोको अनुमोदनको लागि सारांश प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सम्पत्ति दायित्वतर्फ**

सम्पत्ति दायित्वतर्फ गतबर्ष रु.५४,८३,९७,८५७.४१ पुर्‍याउने लक्ष्य रहेकोमा रु.५७,३८,५७,४५४.१९ भई लक्ष्यको १०४.६४ प्रतिशत प्रगति भएको छ । यस वर्ष रु. ६३८९९३४०२.८३ सम्पत्ति दायित्व पुर्‍याउने लक्ष्य पेश गरेको छु ।

**आम्दानीतर्फ**

गत आ.व.मा रु.५,४८,२२,०००.०० आम्दानी गर्ने लक्ष्य रहेकोमा रु. ५१४३५५६९.४६ आम्दानी भई लक्ष्यको ९३.८२ प्रतिशत प्रगति भएको छ । यस बर्ष रु.५१५०५०००.०० आम्दानी गर्ने प्रस्ताव पेश गरेको छु ।

**खर्च तर्फ**

गत आ.व.मा रु.४,८९,६२,३००.०० खर्च गर्ने लक्ष्य रहेकोमा रु.४९२२३९६७.७६ खर्च भई लक्ष्यको १००.५३ प्रतिशत खर्च भएको छ । यसबर्ष रु.४९१२०७००.०० खर्च गर्ने प्रस्ताव पेश गरेको छु ।

**कारोबारतर्फ**

गत आ.व.मा रु.५७,२२,३७,०६९.४० कारोबार गर्ने लक्ष्य रहेकोमा रु.६२०९७०३८८.७५ भई लक्ष्यको १०८.५२ प्रतिशत प्रगति भएको छ । यस वर्ष रु.६६०४५३४४५.६८ को कारोवार गर्ने लक्ष्य सहितको प्रस्ताव पेश गरेको छु ।

**संचालन बचत**

गत आ.ब.मा संचालन बचत रु.५८,५९,७००.०० गर्ने लक्ष्य रहेकोमा रु.२२,११,६०१.७० भई लक्ष्यको ३७.७४ प्रतिशत प्रगति भएको उक्त रकमलाई नियमानुसार कोषमा बाँडफाँड गरिएको छ । यस वर्ष रु.२३८४३००.०० संचालन बचत गर्ने लक्ष्य पेश गरेको छु ।

**सदस्यता तर्फ**

गत आ.व.मा १८९३ शेयर सदस्य कायम रहेकोमा यस आ.व.मा कुल शेयर सदस्य संख्या २००० भन्दा माथि पुऱ्याउने लक्ष्य सहितको प्रस्ताव पेश गरेको छु ।

**अन्त्यमा,**

**आदरणीय शेयर सदस्यज्यूहरु,**

सहकारी आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको राष्ट्रसेवक सहकारीहरुको सहभागिता र सकृयतालाई संयोजन गरिरहेको नेपाल निजामती कर्मचारी संगठन, राष्ट्रसेवक सहकारीको केन्द्रिय समन्वय समिति र क्षेत्रिय समन्वय समितिको समन्वयकारी भूमिकालाई अझै प्रभावकारी बनाउन आवश्यक छ । सहकारी ऐन र नियमावली अनुरुप हाम्रा सहकारीहरुलाई व्यवस्थित गर्न थप क्रियाशिल हुनुपर्ने अवस्था रहेको हुँदा थप निरन्तरता र सक्रियताका लागि विनम्रतापूर्वक अनुरोध गर्दछु ।

राष्ट्रसेवक सहकारी केन्द्रीय तथा क्षेत्रीय समन्वय समिति सहकारी बैक जिल्ला सहकारी संघ, जिल्ला बहुउदेश्यीय सहकारी संघ, नेपाल निजामती कर्मचारी संगठन, संगठनका केन्द्रीय, प्रदेश र जिल्लाका पदाधिकारी सदस्यज्यूहरु, संस्थाका सल्लाहकारज्यूहरु, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका पदाधिकारीज्यूहरु तथा कर्मचारी मित्रहरुको सहयोग सल्लाह र सुझाव प्रति आभार व्यक्त गर्दै भविष्यमा पनि निरन्तर सुझाव र सहयोगको अपेक्षा गर्दछु । संस्थाको सञ्चालक समितिको तर्फबाट हाम्रो आमन्त्रणलाई स्वीकार गरी आफ्नो अमूल्य समय प्रदान गर्दै हाम्रो हौसला र उत्साह बृद्धि गराई दिनुहुने आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, संचारकर्मीहरु, आमन्त्रित महानुभावहरु, शेयर सदस्यज्यूहरु, प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

हामीले हाम्रो लागि नीति निर्माण गरिरहेका छौं । तपाईले दिनुभएको एउटा सुझावले संस्थालाई सम्बृद्ध बनाउन सक्छ । तपाई हामीले निर्माण गरेको यो विश्वासको धरोहरलाई अझै उचाईमा पुऱ्याउन सवैको सल्लाह, सुझाव, सहयोग र खबरदारीको अपेक्षा सहित यो प्रतिवेदन प्रस्तुति अन्त्य गर्ने अनुमति चाहन्छु । धन्यवाद ।

जय सहकारी ।

**जीवन काफ्ले**
अध्यक्ष
राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि.
विराटनगर-९, मोरङ

२५ असोज २०८२
कञ्चनजङ्घा पार्टीप्यालेस, विराटनगर

# राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि.

**विराटनगर-९,मोरङ**

## २७औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन २०८२

**सभाका अध्यक्षज्यू,**

प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु एवम् उपस्थित सम्पूर्ण शेयर सदस्यज्यूहरुमा हार्दिक न्यानो अभिवादन टक्र्याउँदछौं । "सबैका लागि एक र एकका लागि सबै" सहकारीको मूल मर्म हो । सामूहिकता सहकारीको मूल विशेषता हो । यसै कुरालाई आत्मसात गर्दै, राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा एकै समूहका एउटै उद्देश्य भएका न्यून वेतनधारी समूहको आपसी हकहित र सहकारिताको भावनाबाट स्थापित संस्था भएकोले स्थापना कालदेखि नै सामुहिकता, इमान्दारिता, पारदर्शीता, लगनशिलताका साथ शेयर सदस्यहरुको आर्थिक, सामाजिक, साँस्कृतिक समृद्धितर्फ सफलताका साथ अगाडि बढिरहेको यहाँहरु सवैमा विदितै छ ।

राष्ट्रको उन्नति, प्रगति एवम् समाज रुपान्तरणको लागि आफ्नो जीवनको बलिदान दिनुहुने ज्ञात अज्ञात सहिदहरु र स्थापना कालदेखि संस्थाको विकास सहकार्यमा निरन्तर साथमा रहँदै गर्दा दिवंगत हुनु भएका शेयर सदस्यहरुमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

नेपालको आर्थिक, सामाजिक, साँस्कृतिक वातावरणीय तथा राजनीतिक जागरणमा सहकारी आन्दोलनको महत्वपूर्ण योगदान रहेको छ । नेपालको संविधानले तीन खम्बे अर्थनीतिलाई अंगिकार गरेको छ, जसमा एक अंग सहकारी रहेको यहाँहरु सवैमा विदितै छ । हाल सहकारी क्षेत्रमा देखिएको मूल समस्या भनेको सहकारी संचालन, नियमन तथा प्रभावकारी अनुगमन, सुशासन, सहकारी सिद्धान्तको परिपालना आदि मै रहेका छन् । सहकारी क्षेत्रमा देखिएका विसंगती, व्यवस्थाकीय कमजोरी एवम् मूल्य मान्यता र सिद्धान्तको पूर्णरुपमा पालना नभएको कारण कतिपय सहकारी अफ्ठ्यारो परिस्थितिमा रहेको अवस्थामा पेशागत क्षेत्रमा स्थापना भएको हाम्रो राष्ट्रसेवक सहकारी संस्थाले सदस्यहरुमा सहयोग एवम् पारस्पारिकताको भावना, इमान्दारिता, समानता, खुलापन, उत्तरदायित्व, सहकारीको मूल्य, मान्यता, सिद्धान्त र आचरणको पालना गर्दै एउटै उदेश्य र कार्य भएका समुदायमा आधारित भई सदस्यहरुलाई स्वाबलम्बी बनाउने कार्यमा लागि परेको र इमान्दारिता, लगनशिलता, सहकार्य जस्ता आचरणलाई अबलम्बन गरी सफल सहकारीको रुपमा स्थापित भई शेयर सदस्यहरुलाई सेवा प्रदान गरिरहेकोले यसबाट लाभ लिनु हुन सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई अनुरोध गर्दछौं ।

**आदरणिय शेयर सदस्यज्यूहरु,**

### १. अघिल्लो साधारणसभाको निर्णयहरूको कार्यान्वयको अवस्था

क. संस्थाको २६औं वार्षिक साधारणसभाले लिएका नीति तथा कार्यक्रमहरुलाई सफल पार्न निरन्तर प्रयत्न गरिएको छ । लक्षित उपलब्धि हासिल गर्न संस्था सफल भएको छ ।

ख. विगतका वर्षहरुमा संचालित कार्यक्रमहरुलाई निरन्तरता दिंदै संचालन गरिरहेको छ ।

ग. २६औं वार्षिक साधारणसभामा लिएका निर्णयहरुलाई परिपालन गरिएको छ ।

### २. आर्थिक वर्ष ०८१/०८२ मा संचालक समितिको वसेको वैठक संख्या, निर्णयहरू र कार्यान्वयनको अवस्था

क. आर्थिक वर्ष २०८१।०८२ मा संचालक समितिका १३ नियमित बैठकहरु सम्पन्न भएका छन । सामान्यतया बैठकमा सवै सदस्यहरुको उपस्थिति हुने गरेको छ । बैठकले संस्थाको नियमित कार्य संचालनका अतिरिक्त, सदस्यता वितरण, संस्थागत निर्णय तथा संचालन सम्बन्धी निर्णयहरु गरेको छ ।

ख. संचालक समितिका वार्षिक खाताबन्दी बैठक, अर्धवार्षिक समिक्षा, नीति तथा कार्यक्रम र विविध परामर्श लिनु पर्ने बैठकहरुमा लेखा समितिका संयोजक तथा सदस्यहरुलाई समेत समावेश गराई छलफल तथा निर्णय प्रकृयामा पर्यवेक्षण गर्ने अवसर सृजना गराएको छ ।

**३. ऋण लगानीको प्रकृया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्थाः**

क) ऋण लगानीका सन्दर्भमा संस्थाद्वारा अचल धितो सुरक्षणमा लगानी हुने सवै ऋणहरु संचालक समितिले निर्णय गरी एकजना शेयर सदस्यलाई बढीमा ५० लाखसम्म र एक परिवारमा रु. करोडसम्म ऋण लगानी गर्ने गरेको छ ।

ख) सम्बन्धित मालपोत कार्यालयबाट संस्थाको नाममा धितोबन्धक पास गरी बढीमा पाँच वर्ष अबधि कायम गरी शैक्षिक ऋणमा १० प्रतिशत, कृषि ऋणमा ११ र अन्य सवै प्रकारका ऋणमा १२ प्रतिशत ब्याजदरमा संस्थामा छुट्टै तमशुक गरेर ऋण लगानी गर्ने गरिएको ।

ग) अचल धितो मूल्यांकन गर्दा चलनचल्ती र मालपोत कार्यालयले तोकेको मूल्य र धितो मूल्यांकन उपसमितिको स्थलगत स्वविवेकीय मूल्यको आधारमा मूल्यांकन गरी ऋण लगानी तथा अनुगमन उपसमितिको सिफारिसमा कुल मूल्यांकनको बढीमा ६० प्रतिशत सम्ममात्र ऋण लगानी गर्ने गरिएको छ । आबधिक बचत तथा अन्य बचत सुरक्षणमा बढीमा ९० प्रतिशत ऋण लगानी भएको छ । मोटरसाइकाल र स्कुटर खरिदका लागि हायरपर्चेज ऋण लगानी गर्दा ३० प्रतिशत डाउनपेमेन्ट लिई ऋण बहाल रहुञ्जेलसम्म सोही सवारी साधन संस्थाको नाममा रहने गरी ऋणी कायम गरी लगानी हुने गरेको ।

घ) ऋण लगानीमा संचालक समिति, ऋण उप-समिति र प्रवन्धकलाई ऋण लगानीको मात्राका आधारमा अधिकार बाँडफाँड गरि सिघ्र ऋण लगानी हुने व्यवस्था गरिएको ।

ङ) ऋण कारोबार गर्ने शेयर सदस्यले चाहेमा साँवा ब्याज भूक्तानी सहजताका लागि कर्जा सुरक्षण बचत खाता खोली संचालनमा रहेको ।

च) ऋणीसंग निरन्तर सम्पर्क, समन्वय, सुझाव र ताकेता गर्ने गरिएको ।

**४. ग्याँस कारोबार**

क) सदस्यहरुलाई सुविधा पुर्याउने उदेश्यले संचालन गरिएको ग्यास व्यवसायबाट सकारात्मक उपलब्धी प्राप्त भएको देखिन्छ ।

**ख)** ग्याँस व्यवसायले शेयर सदस्यहरुको आवश्यकता पूर्ती गर्नुका साथै आफ्नै व्यवसायिक कारोबारबाटै ग्याँस ढुवानी गर्ने कर्मचारीको सेवा सुविधा वितरण गरी ढुवानीवापत सदस्यले खर्च गरेको रकम ग्याँस कारोबारको आधारमा वर्षान्तमा हिसाव गरी फिर्ता गर्ने गरिएको छ । यसबाट सकारात्मक सन्देश भई कारोबारमा बृद्धि भएको देखिन्छ ।

**५. नियमनकारी निकायबाट जारी गरिएका मापडण्ड तथा निर्देशनको पालना सम्बन्धी संक्षिप्त विवरण :**

संस्थाले सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयबाट जारी मापडण्ड, निर्देशन तथा परिपत्रलाई पूर्णरुपमा अवलम्वन गर्ने गरेको छ ।

**६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरणः**

क) पदाधिकारीलाई पारिश्रमिकको व्यवस्था नभएको तर नियमित संस्था आइरहन पर्ने पदाधिकारीलाई परिवहन तथा व्यवस्थापन खर्च उपलब्ध गराइएको ।

ख) बैठक बसेको दिनको उपस्थित पदाधिकारीलाई बैठक भत्ता दिने गरिएको ।

**७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :**

क) कर्मचारी प्रशासन निर्देशिका बनाई कर्मचारीका नियुक्ती, बढुवा, सेवा सुविधा, कर्तव्य र अधिकारको राम्रो व्यवस्थापन गरिएको ।

ख) व्यवस्थापन प्रमुखको योग्यता र क्षमताअनुसार संस्था व्यवस्थापन गरिएको ।

ग) संस्थामा स्थायी ३, अस्थायी १ र करार १ गरी ५ जना कर्मचारी कार्यरत रहेको ।

**८.लेखा सुपरिवेक्षण समितिले दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयन :**

लेखा सुपरिवेक्षण समितिले दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयन गर्ने गरिएको ।

**संस्थाको अभिलेख तथा नीतिगत व्यवस्थापनमा भएका कार्यहरुको विवरणयस सम्मानित सभामा प्रस्तुत गरेका छौं ।**

**क) अभिलेख व्यवस्थापन**

१. संस्थामा रहेका खातापत्र ऐन, नियमानुसार अध्यावधिक रुपमा प्रविष्ट्री गरेको पाइन्छ ।

२. संस्थामा रहेका शेयर, बचत र कर्जाको व्यक्तिगत खाताको कुल रकम र मुख्य खाताको कुल रकम भिडान भएको ।

३. प्रत्येक शेयर सदस्यहरुको व्यक्तिगत विवरण स्पष्ट देखिने गरी छुट्टाछुट्टै फाइलको व्यवस्था गरी सुरक्षित राखिएको ।

४. संस्थामा रहेका सम्पत्तिका प्रकारका सामानहरुको परलमूल्य सहित ह्रासकट्टी गरी अध्यावधिक रुपमा जिन्सी खातामा रेकर्ड व्यवस्थापन गरिएको ।

५. सदस्यहरुलाई प्रदान गर्ने शेयर प्रमाणपत्रको कार्यालयप्रति सम्बन्धित शेयर सदस्यको व्यक्तिगत फाइलमा सुरक्षित राखिएको ।

६. संस्थाको आर्थिक कारोबारलाई विश्वसनिय बनाउन सफ्टवेयर प्रयोग गरी हिसाव अध्यावधिक राखिएको ।

७. संस्थाको कागजपत्रको राम्रोसँग फाइलिङको व्यवस्था मिलाइएको ।

८. संस्थाको आम्दानी, खर्च र सम्पत्ति दायित्व जस्ता विवरण सदस्यले देख्ने गरी डिजिटल डिस्प्ले बोर्ड, सूचना पाटी र वेवसाइटबाट सूचना प्रवाह गरिएको ।

९. साधारणसभाको निर्णय, लेखापरीक्षण प्रतिवेदन, निरीक्षण पुस्तिकाहरु सुरक्षित राखिएको ।

१०. प्रत्येक वार्षिक प्रतिवेदन तथा आर्थिक प्रतिवेदन सुरक्षित राखिएको ।

११. संस्थाबाट खर्च लेख्दा नियमानुसार कट्टी गर्नुपर्ने सामाजिक सुरक्षाकर, अग्रिमकर, पारिश्रमिक कर, बहालकर आदि कट्टी गरेर मात्र भुक्तानी गर्ने गरेको ।

१२. हरेक महिनाको अन्त्यमा खातावन्दी गरी मासिकप्रगती विवरण तयार पार्ने गरिएको र सो को जानकारी सम्वन्धित कार्यालयमा पठाउने गरिएको ।

**ख) कार्यालय संचालन तथा सेवा प्रवाह व्यवस्थापन**

१. हप्ताको छ दिन आइतबार देखि शुक्रबारसम्म बिहान १२ बजेदेखि बेलुका ६ बजेसम्म कार्यालय खोल्ने र सेवा दिने गरिएको । आकस्मिक सेवा अन्य बेलामा समेत उपलब्ध गराइएको देखिन्छ ।

२. पहिला आउनेलाई पहिला सेवादिने पद्दती अन्तर्गत पालैपालो सदस्यलाई सेवा प्रदान गर्ने गरिएको ।

**ग) श्रोत व्यवस्थापन र उपयोगः**

१. बचतमा नियमित, आवधिक, साधारण बचतका विभिन्न शीर्षकका खाताहरु खोली बचत राख्ने व्यवस्था भएको ।

२. संस्थाले संस्थामा रहेको आफ्नै बचत सुरक्षणमा बढीमा ९० प्रतिशत, शेयर सदस्यले ऋण सुरक्षण वापत दिएको अचल धितो सुरक्षणमा कुल मूल्यांकनको बढीमा ६० प्रतिशत ऋण लगानी गरिएको ।

३. संस्थाले आफ्ना सदस्यहरुलाई शेयर लगानीका आधारमा शेयर लाभांश, कारोवारका आधारमा संरक्षित पूंजिकोषवाट लाभांश वितरण प्रचलित नियमानुसार गर्ने गरेको ।

**नीतिगत व्यवस्थापन**

१. क्रमागत बचत खातामा न्यूनतम् चालिस हजार कायम राखी सोभन्दा माथिको रकम सदस्यले चाहेमा झिक्न पाउने व्यवस्था रहेको ।

२. सदस्य राहतकोष संचालन गरी शेयर सदस्यको मृत्यू भएमा सम्बन्धित सदस्यको परिवारलाई रु.१५०००/- असाध्य तथा जटिल रोग लागेमा शेयर सदस्यलाई भेटी सान्त्वना स्वरुप रु.५०००/- र महिला शेयर सदस्य सुत्केरी हुँदा दुई बालबालिकाको लागि शिशुपोषण खर्च रकम रु.५०००/- उपलब्ध गराउने व्यवस्था रहेको ।

३. संस्थाले अनलाइन सफ्टवेयर मार्फत सम्पूर्ण कारोबारहरु गरी सदस्यले गरेको कारोबारको अटो एस.एम.एस. सेवा प्रवाह हुने गरेको तथा मोवाइल एप्लिकेशनको सुविधा लिने सदस्यले संस्थामा रहेका आफ्ना सम्पूर्ण खाताहरुको विवरण हेर्ने, बचत खाताको प्रयोग गरी युटिलिटी पेमेन्ट गर्ने, क्यूआर स्क्यान पे गर्ने, रकम बैंक ट्रान्सफर गर्ने सेवा २४ घण्टा संचालनमा रहेको ।

४. नोटको विवरण सहित क्यास आउट र इन गर्ने, दैनिक आम्दानी तथा खर्च र बैंक कारोबारहरुको विवरण सहित दैनिक खाता बन्दीको व्यवस्थापन गरिएको ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

**संस्थाको आ.व. ०८१/८२ को आर्थिक विश्लेषण निम्नानुसार रहेको छ ।**

१. संस्थाको शेयर पूँजी कुल सम्पत्तिमा १२.६१ प्रतिशत, कुल निक्षेपमा १६.२९ प्रतिशत रहेको ।

२. संस्थाको दीर्घकालिन पूँजिकोषको रुपमा रहेको जगेडाकोष कुल दायित्व तथा सम्पत्तिको ६.५४ प्रतिशत रहेको ।

३. संस्थाको निक्षेप कुल सम्पत्ति दायित्वको ७७.४२ प्रतिशत छ भने ऋण लगानी ६२.५३ प्रतिशत रहेको छ ।

४. कुल सम्पत्तिमा आयआर्जन नगर्ने सम्पत्ति ६.८६ र प्रशासनिक उपभोग तथा कार्यालय संचालन खर्च १.३२ प्रतिशत रहेको ।

५. कुल सम्पत्तिमा १९.४८ प्रतिशत र निक्षेपमा २५.१६ प्रतिशत तरलता कायम रहेको छ ।

६. संस्थाको कुल सम्पत्तिमा प्राथमिक पुंजीकोष १९.४३ प्रतिशत र कुल पुंजीकोष नाफानोक्सान बाहेक २०.१७ प्रतिशत रहेको छ ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

संस्थाको कारोबारमा दीर्घकालिन रुपमा सुधार गर्दै लैजानका लागि निम्नानुसारका सुझावहरु प्रस्तुत गरेका छौं ।

१. सदस्यलाई सहकारी लेखा, वित्तीय साक्षरता, वित्तिय विश्लेषण, उद्यमशिलता जस्ता तालिमहरुको व्यवस्थापन गरी सदस्यहरुको थप क्षमताको बृद्धि गर्दै लैजानुपर्ने देखिन्छ ।

२. संस्थामा नयाँ प्रविधिको अधिकतम प्रयोग गर्दै कार्य संचालन अझै प्रभावकारी बनाउने ।

३. पदाधिकारी र कर्मचारीको क्षमता बृद्धिका कार्यक्रम संचालन गर्ने ।

४. संस्थाका मौजुदा कार्यविधि तथा निर्देशिकाहरुका बारेमा कर्मचारीहरुलाई जानकारी गराई प्रभावकारीरुपमा कार्यान्वयन गर्नुपर्ने ।

५. ऋण लगानीलाई थप व्यवस्थित र सुरक्षित गर्न ऋण उपसमिति र ऋण शाखामा कार्यरत कर्मचारीलाई निरन्तर पूनर्ताजगीका लागि दक्षता अभिवृद्धि गर्ने ।

६. संस्थाको वित्तीय अवस्थाका आधारमा तरलता व्यवस्थापन गर्ने ।

७. नियमित तथा अनिवार्य बचतलाई समयानुकुल ब्याजदर परिमार्जन गर्दै नियमितता र बृद्धिका लागि सदस्यहरुलाई आकर्षित गर्ने ।

८. संस्थाका महत्वपूर्ण दस्तावेजहरु, सम्पत्ति तथा सामानहरु, जिन्सी सामानहरुको सुरक्षण गर्न उचित भण्डारण तथा अभिलेखिकरणका साथै सालबसाली भौतिक रुपमा परीक्षण गर्नुपर्ने ।

९. संस्थालाई एक आर्थिक वर्षका लागि आवश्यक पर्ने सेवा, सामानहरुको लगत तयार गरी सूचिकृत सेवाप्रदायक फर्महरुबाट खरिद गर्ने ।

१०. कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनलाई व्यवस्थित गर्नुपर्ने ।

११. कर्जाको प्रयोजन सदुपयोगको अनुगमन तथा निरीक्षण निरन्तर गरिरहनु पर्ने देखिन्छ ।

१२. ऋण लगानीको लागि अन्य क्षेत्रको समेत पहिचान गरी थप लगानीको क्षेत्र विस्तार गर्नुपर्ने देखिन्छ ।
१३. संस्थाले दीर्घकालिन रणनीतिक योजना बनाउनुपर्ने ।
१४. सामान खरिद गर्दा आवश्यकता पहिचान गरी निर्णयानुसार मात्र खरिद गर्ने ।
१५. निर्माण कार्य गर्दा वा स्थायी प्रकृतिका सामान खरिद गर्दा कुन प्रकृयाबाट निर्माण वा खरिद गर्ने हो संचालक समितिबाट निर्णय गराएर मात्र गर्ने ।
१६. पेश्की खाता राखी भूक्तानी र पेश्की फछौंटको अभिलेख राख्नुपर्ने ।
१७. सम्पत्ति सुद्धिकरण ऐन, निर्देशिका बमोजिम कार्यान्वयन गर्ने तथा कार्य समीक्षा गरी अध्यावधिक गर्नुपर्ने ।
१८. प्रचलित कानून तथा विनियमको परिपालनाका साथै लेखा सुपरिवेक्षण समिति र बाह्य लेखापरीक्षण प्रतिवेदनमा लेखापरीक्षकबाट प्राप्त भएका सुझावहरु कार्यान्वयन गर्ने ।
१९. वर्तमान वित्तीय बजारको अवस्थालाई ध्यानमा राखी साबधानीपूर्वक आर्थिक गतिविधीहरु गर्नुपर्ने ।

**अन्त्यमा,**

संस्थामा राखिएका सम्पूर्ण लेखा हिसाव, बिल भरपाई, आदी दोहोरो लेखा प्रणाली हालको व्यवस्था अनुसार NFRS प्रणाली र सहकारी ऐन नियम र विनियम बमोजिम पारदर्शी र नियम संगत ढंगले राखेको पाइयो । संस्थाको वार्षिक साधारण सभाबाट पारित नीति तथा कार्यक्रम र बजेटको परिधि पूर्ण रुपमा लागु भएको छ । शेयर सदस्यको क्षमता विकासका लागि प्रशिक्षण हुने गरेको, संस्थाको बारेमा सुसूचित गर्न सूचना प्रविधि प्रणालीलाई प्रभावकारी ढंगबाट संचालन गरिएको छ । सहकारी अध्ययन तथा सूचना केन्द्र स्थापनाको लागि संस्थाले प्रदेश सरकार र आफ्नै आर्थिक श्रोतबाट चार तले भवनको निर्माण कार्य सम्पन्न हुने अवस्थामा रहेको छ जुन आफैंमा एउटा गौरवको विषय हो । संस्थाले समुदाय प्रतिको चासो, सामाजिक साँस्कृतिक र राजनीतिक क्षेत्रमा पुर्याएको योगदानको कदर एवम् सम्मान गर्ने उद्देश्यबाट संस्था आफैंले वा विभिन्न शेयर सदस्य तथा संस्थाले अक्षयकोष बचत खाता खोली प्राप्त भएको ब्याजबाट संस्थाको व्यवस्थापनमा समाजमा विशिष्ट योगदान पुर्याउनु हुने व्यक्तिहरुलाई सम्मान गर्ने, शेयर सदस्य वा शेयर सदस्यका सन्ततिहरुलाई शैक्षिक उपलब्धिको कदर गर्दै सम्मान तथा पुरस्कृत गर्ने कार्य आफैंमा प्रशंसनिय कार्यको रुपमा रहेको छ । सहकारी क्षेत्रमा देखिएको चुनौतिका बाबजुत पनि संस्था सफलताका साथ संचालन भई आफ्ना शेयर सदस्यहरुलाई लगानीमा उचित प्रतिफल दिन सक्षम भएको देखिंदा हामी सम्पूर्ण शेयर सदस्यहरु राष्ट्रसेवक सहकारीको शेयर सदस्य हुनुमा गौरव गर्ने अवस्थामा छौं ।

संचालक समिति तथा व्यवस्थापनका कर्मचारीहरुको इमान्दारिता, लगनशिलता एवम् शेयर सदस्यहरु प्रतिको उत्तरदायित्व बोधका साथ कार्य गरी संस्थालाई सफलताका साथ आजको स्थितिमा ल्याइ पुर्याउनु भएको योगदानलाई धन्यबाद ज्ञापन गर्दछौं । यसै गरी आगामी दिनमा पनि शेयर सदस्यहरुको हित हुने गरी संस्था संचालनमा महत्वपूर्ण भूमिका रहने विश्वासका साथ यो प्रतिवेदन पेश गरेका छौं । यहाँहरुको राय, सुझाव सल्लाह सहित यस सभाको बैठकबाट प्रतिवेदनलाई पारित गर्नु हुने विश्वास लेखा सुपरिवेक्षण समितिको तर्फबाट हामीले लिएका छौं । धन्यबाद ।

जय सहकारी ।


[illegible]
[illegible]


[illegible]
सदस्य


[illegible]
संयोजक

# पि. चौधरी एण्ड कम्पनी

बिराटनगर १२, मोरंग
लेखा व्य.प्र.प.नं. ४७६४
पेशागत प्रमाण पत्र नं.: १४१०
पान नं. ३०१०२३३४८

## स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन ।

श्री शेयर सदस्य महानुभावहरू
राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. बिराटनगर ९, मोरंग ।
(स्थायी लेखा नं. ३०१९२०१६६)

<u>लेखापरीक्षकिय मन्तव्य</u>

हामीलाई यस राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. बिराटनगर ९, मोरंगको २६औं साधारण सभाको स्वीकृत सार्थै मिति २०८२ श्रावण १३ गते बसेको सन्चालक समितिले बैठकले आ.व. २०८१/८२ को वार्षिक लेखापरीक्षण गर्न नियुक्त गरेकोमा संस्थाको व्यवस्थापन पक्षले तयार पारी प्रस्तुत गरेको आ.व. २०८१/८२ को आर्थिक प्रतिवेदनको आधारमा निष्पक्ष स्वतन्त्रपूर्वक लेखापरीक्षण सम्पन्न गरेकाछौ ।

आर्थिक बिवरणहरू सारभुत रूपमा गलत आंकडा रहित छन् भन्ने कुरामा विश्वस्त हुनका लागि यी आर्थिक विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणहरूलाई पुष्टयाई गर्ने प्रमाणको छड्के परिक्षण गरिएको छ । लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ । परिक्षण गरिएका आर्थिक विवरणका आधारमा देहाय अनुसार प्रतिवेदन पेश गरेका छौं ।

<u>१. हाम्रो राय:</u>

हामीले राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. विराटनगर ९, मोरंगको संलग्न वित्तिय विवरणहरू जसमा २०८२ असार ३२ सम्मको वित्तिय स्थिती विवरण तथा सो वर्षको अन्त्य सम्मको नाफा नोक्सानको हिसाब, वृहत आय विवरण, ईक्विटी र नगद प्रवाहमा परिवर्तन तथा महत्वपुर्ण लेखा नीतिहरूको सारांश वित्तिय विवरणहरूमा टिप्पणीहरू समावेश गरिएकोछ सोको लेखा परिक्षण गरेका छौं ।

हाम्रो विचारमा संलग्न वित्तिय विवरणहरूले नेपाल वित्तिय प्रतिवेदन मापदण्ड अनुसार राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. विराटनगर ९, को २०८२ असार ३२ सम्मको आर्थिक स्थिती, यसको वित्तिय कार्यसम्पादन र सो वर्षको अन्त्य सम्मको नगद प्रवाह विवरणले उचित तथा यथार्थ चित्रण गर्दछ ।

<u>२. रायका आधारहरू:</u>

लेखापरीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरीक्षणमान मापदण्डको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ । ती मापदण्डहरू अन्तर्गत हाम्रा जिम्मेवारीहरू हाम्रो प्रतिवेदनको वित्तिय विवरणको लेखापरीक्षणको लागी लेखापरीक्षकको जिम्मेवारीमा थप वर्णन गरिएकोछ । हामी संस्थासंग स्वतन्त्र छौ र हामीले व्यावसायिक लेखाकारहरूका लागी आईक्यानको कोड अफ ईथिक्सको ह्यान्डबुक अनुसार हाम्रा अन्य नैतिक जिम्मेवारीहरू पुरा गरेका छौ, हामी विश्वास गर्छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो रायका लागी आधार प्रदान गर्न पर्याप्त र उपयुक्त छन् ।

1

**३. लेखापरीक्षणका मुख्य विषयहरू:**

लेखापरीक्षणका मुख्य विवरणहरू हाम्रो निर्णयमा आधारित विषयहरू हुन जुन वर्तमान अवधिको वित्तिय विवरणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वपुर्ण छ जसलाई समग्र रूपमा अन्तिम विवरणहरूको लेखापरीक्षणको सन्दर्भमा र त्यसमा हाम्रो राय निर्माण गर्न सम्बोधन गरिएको छ । हामी यी विषयहरूमा अलग राय प्रदान गर्दैनौ ।

तलका विषयहरू सम्बोधन गर्नका लागि लागु गरिएका प्रकृयाहरू तथा हाम्रो लेखापरीक्षण प्रकृयाका नतिजाहरूले संलग्न वित्तिय विवरणहरूमा हाम्रो लेखापरिक्षण रायको लागी आधार प्रदान गर्दछ ।

**ऋण सुरक्षण कोषको व्यवस्था:**

समीक्षा अवधिको अन्त्यमा सहकारी संस्थाले शेयर सदस्यहरूलाई लगानी गरेको ऋण रकम कुल सम्पतिको ६२.५४ प्र. सुद रकम रहेको छ । कुल ऋण रकम रू ३५,४९,३२,१६४।६६ ऋण सुरक्षण कोषको रू ३९,४०,८२९।३४ कट्टा गरे पछिको हो । अग्रीम रकम बापत यस व्यवस्थालाई प्रमुख लेखापरिक्षण मुद्धाको रूपमा पहिचान गरिएको थियो र यो व्यवस्थापन निर्णयको हदसम्म बिचारणीय थियो र नियामक निकायहरूद्वारा जारी गरिएका निर्देशनहरू र परिपत्रहरूको पालना गरिएको थियो ।

**हाम्रो लेखापरीक्षणमा विषयहरूको सम्बोधन:**

हामीले ऋण सुरक्षण सम्बन्धि व्यवस्थाको पुन: प्रमाणिकरणमा निम्न प्रकृयाहरू लागु गर्यौ ।

क. ऋणी फायलहरूको समिक्षा: जसमा ऋणीहरूले संस्थामा ऋण रकम फिर्ता गर्ने र ब्याज तिर्ने साथै तमशुकको म्याद भित्र सम्पूर्ण रकम चुक्ता गर्ने व्यवहारको मूल्याङकन, उपलब्ध वित्तिय विवरणहरूको आधारमा आर्थिक सामर्थ्यको मूल्याङकन, सुरक्षणमा राखिएको धितोको पर्याप्तता, आवश्यक कानूनि कागजातहरू प्राप्ती र विवेकपूर्ण नियमहरूको पालना संलग्न छन् ।

ख. तथ्यांक संकलनको आधारमा लगानी भएका ऋण फायलहरूको छड्के निरिक्षण ।

ग. सदस्यलाई लगानी ऋण रकमको सहकारी प्राधिकरणबाट जारी मापदण्डका आधारमा ऋण वर्गिकरण गरि ऋण सुरक्षण कोषमा रकम छुट्याए नछुट्याएको सम्बन्धि समिक्षा ।

घ. सदस्यलाई लगानी ऋण रकमको सहकारी प्राधिकरणबाट जारी मापदण्डका आधारमा ऋण वर्गिकरण गरि ऋण सुरक्षण कोषमा रकम छुट्याए नछुट्याएको सम्बन्धि समिक्षा ।

ङ. ऋणीहरूको सक्रिय ऋणको व्यावस्थापनद्वारा गरिएको विषयगत निर्णयको उपयुक्तताको मूल्याङकन गरिएको ।

च. ऋण सुरक्षणको लागी राखिएको धितोमुल्याङकन सम्बन्धि मुल्याङकन समितिको मुल्याङकन, ऋणसमितिको लगानीसम्बन्धि सिफारीस र संचालक समितिको निर्णयहरूको समिक्षा ।

छ. सहकारी संस्थाले गरेको ऋण सुरक्षण कोषको व्यवस्था स्वीकार्य मानिन्छ ।

**४. वित्तिय विवरण उपर व्यवस्थापन र समितिको उत्तरदायित्वहरू:**

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य प्रचलित नियम, कानून, अभ्यास अनुरूप विवरण तयार पार्ने तथा यथोचित प्रस्तुतिकरण गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा निहित रहेको छ । उक्त जिम्मेवारीमा वित्तिय विवरणहरू तयार पार्ने तथा वित्तिय विवरणहरूको प्रस्तुतीकरण संग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार पार्ने तथा, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरू पर्दछन । यस अन्तर्गत वित्तिय विवरणहरू गलत आंकडा, जालसाजी वा त्रुटीरहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसंग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमागर्ने, लागुगर्ने र अध्यावधिक बनाई राख्ने उपयुक्त लेखा नीतिको छनौट गर्ने र लागु गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरू समेत पर्दछन् ।

**५. लेखापरीक्षकको उत्तरदायित्व:**

प्रस्तुत वित्तिय विवरणहरू माथि लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारि गर्नु हाम्रो उत्तरदायित्व हो ।

2

**६. वित्तिय स्थिती विवरणको प्रस्तुती आधार:**

**६.१ सम्बन्धित मानहरूको पालना:**

संस्थाले नेपाल लेखामान बोर्डद्वारा जारी गरिएका र नेपाल चार्टर्ड एकाउन्टेण्ट संस्थाले लागु गरेका नेपाल लेखामान सिद्धान्तको आधारमा मझौला निकायको लागि नेपाल वित्तिय प्रतिवेदन मान (NFRS For SME) लागु गरेकोछ र सोहि अनुसारको लेखानीति समेत निर्माण गरेकोछ । संस्थाको वार्षिक प्रतिवेदन प्रमुख लेखानीतिमा अन्यथा उल्लेख भएको अवस्था बाहेक संस्थाको कारोबार नेपाल लेखामान, मझौला निकायको लागि नेपाल वित्तिय प्रतिवेदनमान, सहकारी मूल्य मान्यता सिद्धान्त, सहकारी ऐन नियम, संस्थाको विनियम, बचत तथा ऋण कार्यविधि, साधारणसभाबाट पारित नीति, कार्यक्रम र बजेट, संचालक समितिको निर्णय, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा तयार पारिएको छ । संस्थाको संचालक समितिको बैठकको निर्णयअनुसार चालु आर्थिक वर्ष २०८१/८२ को वित्तिय विवरण अनुमोदन गरेको छ ।

**६.२ मापनको आधार:**

संस्थाको वित्तिय विवरणहरू ऐतिहासिक लागत मूल्यको आधारमा तयार गरिएकोछ र विशेष रूपमा खुलासा गरिएको छ ।

**६.३ लेखा नीतिहरूमा भएको परिवर्तन र खुलासाहरू:**

संस्थाले अन्यथा स्पष्टिकरण नदिएसम्म लेखा नीतिहरूलाई अघिल्लो आर्थिक वर्ष अनुसार नियमित रूपमा लागु गरिएको छ/निरन्तरता दिएको छ । वित्तिय विवरणहरूमा दुरगामी प्रभाव पर्नेगरि यस आर्थिक वर्षमा लेखा नीतिहरूमा परिवर्तन भए गरेको छैन ।

**६.४ महत्वपुर्ण लेखा निर्णय, अनुमान र पुर्वानुमानहरू:**

वित्तिय विवरण तयार गर्दा केहि महत्वपूर्ण लेखा निर्णय तथा अनुमानहरूको प्रयोग गर्न आवश्यक पर्दछ । यस प्रकियामा लेखा नीतिहरू लागू गर्दा व्यवस्थापनले विवेक अपनाउन जरूरी हुन्छ । व्यवस्थापनले भविष्यमा आउन सक्ने अवस्थाहरूलाई ध्यानमा राखेर सो अनुमान तथा पुर्वानुमानहरू गरिएको हुन्छ । यी अनुमान र निर्णयहरूको विगतका अनुभव तथा अन्य कारकहरूको आधारमा निरन्तर समिक्षा गरिन्छ, जसमा भविष्यमा आउन सक्ने अवस्थाहरूको यथार्थपरक अपेक्षाहरू समेत समावेश हुन्छन् । यद्यपि, भविष्यमा वास्तविक परिणामहरू यी अनुमान र निर्णयहरू भन्दा फरक हुन सक्नेछन् । संस्थामा यस संग सम्बन्धित महत्वपुर्ण लेखा निर्णय, अनुमान र मान्यताहरू कार्यान्वयन भए गरेको छैन ।

**६.५ अविछिन्न संचालन:**

संस्थाको वित्तिय विवरणहरू समेटिएको लेखापरीक्षण प्रतिवेदन अविछिन्न संचालन निकायको अवधारणालाई आधार मानि तयार गरिएको छ ।

**७. प्रमुख लेखा नीति:**

**७.१ नगद र नगद सरह:**

